CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्युपारिको जीवनयात्रा

(खण्डकाव्य)

लेखक

खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयका लागि
सादर उपहार
– खेमराज केशवशरण
२०८५।१४

मृत्युपारिको जीवनयात्रा

(खण्डकाव्य)



लेखक

खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका

शारदा उपाध्याय

घ– २/४३७, सिफल, काठमाडौं ।

प्रथम संस्करण : १००० प्रति

वि. सं. २०४८, गुरुपूर्णिमा ।

सर्वे अधिकार लेखकमा निहित छन् ।

मूल्य : ३५।–

मुद्रक

लुष प्रेस

ख– १/३७३, नयाँ बानेश्वर,

काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

तिम्रै वात्सल्यधारालै चल्छ यो मुटुको गति
तिम्रै उपासनामा छ मेरो जीवन–पद्धति
जे छ यो सब तिम्रै छ तन होस् अथवा मन
तिम्रो प्रसाद हे आमा ! तिमीमै छ समर्पण

– खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक यात्रा अमृतको खोजीमा

चेतन आत्मा हिंड्दछ सयौं विश्राम छिचोली
बुझिन्न केही साधनाद्वारा नयन नखोली
(४।३ श्लोक)

मृत्युपछि के हुन्छ ? कोही भन्छन्– आत्मा शेष रहन्छ र कोही भन्छन् केही पनि रहन्न । कठोपनिषद्का ऋषि आफैं प्रश्न उठाउँछन् र स्वयं नै उत्तर दिन्छन्– आत्मा अमर छ, शरीर मरे पनि आत्मा मर्दैन । परन्तु शरीर मरे पनि आत्मा मर्दैन भन्ने कुरा शरीर छँदै कसरी जान्न सकिन्छ ? मरेको मानिस फेरि बिउँतेर आयो भने मात्र यो पत्यार गर्न सकिन्छ । त्यसैले ऋषि नचिकेताको उपाख्यान दिन्छन् । यो कथा अति मार्मिक छ र हृदयलाई छुन्छ । एक मर्त्य आत्मा मृत्युको मुखबाटै अमरताको सन्देश सुन्दछ । उ केवल आफ्नो कल्याणको निम्ति मोक्ष चाहँदैन र विश्वकै कल्याणको निम्ति अमरताको सन्देश लिएर फेरि मर्त्यलोकमा फर्कन्छ । यो कथा प्रतीकात्मक पनि छ र अन्तर्दृष्टिको उद्घाटन गर्छ । जीवनमा एक बाजि सामान्य मनुष्य पनि ऋषि बन्छ र अमरताको आभास पाउँछ । यस्ता विलक्षण क्षणहरू चेत र विचेतको सन्धिस्थलमा पुग्ने अन्तर्यात्रीको प्रतीक हो । यस्ता क्षणहरू सत्ताको दोसाँधमा आउँछन्; स्वर्गलोक र मर्त्यलोकको अन्तरालमा राज गर्ने यमराज वरत्र र परत्र दुवैतिर सञ्चार गर्न सक्ने आत्माका प्रतीक हुन् । मनुष्य जीवन विचित्र छ हामी जीवनभित्रबाटै जीवनपारि टेक्न सक्छौं, घाम लागेको र ओझेल परेको दुइ पाखामा एकै चोटि टेक्ने इन्द्रेणी जस्तै । मनुष्यभित्रको चेत अद्भुत छ– हामी एकातिर अचेत बनेर अर्कातिर परम चेतमा पुग्न सक्छौं, स्वप्नामा उडेर सुषुप्तिमा वास बस्न पुग्ने हंस जस्तै । यसरी हामी विचित्र चेतनाको आँखीझ्यालबाट आफ्नो प्रियलाई चियाउँछौं र सन्तानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्भुत चौतारीमा उसँग हाम्रो जम्काभेट हुन्छ । यसरी विचित्र पलमा र अद्भुत स्थलमा एकबाट प्राप्त आत्मसाक्षात्कारलाई साधनाद्वारा दृढ गर्न सक्यौं भने– त्यही आत्मतत्त्वलाई चेतनाका समस्त पत्रमा र सत्ताका समस्त अवस्थामा व्याप्त रहेको देख्न सक्छौं । अनि यो प्रकृति-जगत् र प्राणिजीवन आफूभन्दा भिन्न देखिन्न । यही अध्यात्मवादी दृष्टि नै परिपूर्ण दृष्टि हो र यसैबाट मात्र आत्मिक परितृप्ति प्राप्त हुन सक्छ । आजको भौतिकवादी दृष्टिले भौतिक उन्नति त अभूतपूर्व रूपले गरेको छ । तर पनि मनुष्य प्रकृतिको रहस्यलाई चुनौतीको रूपमा लिन्छ र त्यसमाथि विजय गर्न खोज्छ । मनुष्यको यो हस्तक्षेपबाट प्राकृतिक संतुलन नष्ट हुनुको संकट खडा हुँदैछ । मभित्र जुन आत्मतत्त्व छ, उभित्र पनि त्यही आत्मतत्त्व छ भन्ने आध्यात्मिक दृष्टि विना एक व्यक्तिको अर्को व्यक्तिसँगको संवाद नै कायम हुन सक्तैन । सञ्चारमाध्यमले एक बनाएको आजको विश्वमा उल्टो ऋन् मनुष्य मनुष्यबाट टाढ़ा भइरहेछ । यसबाट अन्तर्हृदयका मूल-हरू सुक्तैछन् र मानवीय मूल्यको ह्रासको संकट खडा हुँदैछ । आजको मूर्च्छित विश्वलाई त्यही अमृतको मूल फुटालेर मात्र बिउँताउन सकिन्छ– मनुष्य जसको उत्तराधिकारी हो र उपनिषद्ले 'अमृतस्य पुत्राः' भनेर सम्बोधन गर्छ । मृत्युपारिको जीवनयात्राबाट आजको नचिकेता यही अमृतको सन्देश लिएर आउँछ ।

साहित्याचार्य खेमराज 'केशवशरण' जीमा साहित्यिकता र चिन्तन-शीलता दुवै पाइन्छ । त्यसैले उहाँका आध्यात्मिक प्रवचन र चिन्तनशील रचनाहरू साहित्यिक शैलीमा प्रस्तुत हुने गरेको पाइन्छ । खेमराजजीले कठोपनिषद्मा आधृत आफ्नो खण्डकाव्यलाई 'मृत्युपारिको जीवनयात्रा' भनेर अति नै मीठो नाम राख्नुभएको छ र यो नाम सुन्दैमा यो काव्ययात्रा-बाट कविले के सन्देश लिएर फर्कन्छन् त ! भन्नेतिर हामी उत्सुक हुन्छौं । काव्यको नाम जति मीठो छ, यसको प्रतिपाद्य विषयलाई पनि कविले त्यति नै मीठो बनाएका छन् । यस काव्यको मूल विषय प्रतिपादन गर्ने दोस्रो, तेस्रो र चौथो विश्राममा कविले लोकलय प्रयोग गर्नुभएको छ । यसबाट हाम्रो ऊयाउरे लयले दर्शन र रहस्यमय गूढ़ विषयलाई पनि सजिलै वहन गर्न सक्छ भन्ने साबित हुन्छ । जोशमनि सन्त साहित्यपछिको शायद यो पहिलो प्रयोग हो । मानवीय मूल्यको मूल स्रोत नै उसको आत्मा हो । आत्मतत्त्वको वर्णन गरिसकेपछि पनि कवि चूप लाग्दैनन् र त्यसैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोगको रूपमा अन्तिम विश्राममा मानवीय मूल्यको वर्णन गर्छन्, एक उदार विश्व व्यवस्थाको परिकल्पना गर्दछन्। हामी हाम्रो समाजले बाटो बिराउन लाग्यो त भन्छौं, तर बाटो कुन हो भनेर त्यसलाई भन्दैनौं। प्रस्थानत्रयीमा उपनिषद्को पहिलो स्थान छ र उपनिषद्ले देखाएको बाटो सही बाटो हो। कठोपनिषद्को आधारमा रचित 'मृत्युपारिको जीवनयात्रा' नामक यस काव्यले पनि समाजलाई त्यही सही बाटो देखाउनेछ भन्ने कुरामा म विश्वस्त छु।

२०४८।३।३० **माधव घिमिरे**

लैनचौर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

श्रीखेमराज केशवशरणलाई मैले चिनेको २०१८ सालदेखि हो। यसबीच समयका पदचापले तीन दशकको कोल्टे फेर्दै उहाँका प्राज्ञिकता र कर्मठताको एक बृहत् लेखा प्रस्तुत गरिसकेको छ। संस्कृत भाषामाथिको विशेष दखल तथा उत्कृष्ट संस्कृत कवित्वकै माध्यमबाट उहाँको प्रथम परिचय मलाई प्राप्त भएको थियो। त्यस वखत विद्याध्ययनका क्रममा उहाँ भारततिरै हुनुहुन्थ्यो। युवावस्थामै उहाँले अर्जित गरेको विद्यावैभव र उहाँको प्रतिभाले समातेको कवित्वको सिर्जनशील पथ मलाई त्यतिखेर नै पनि प्रशस्त सम्भावनापूर्ण लागेको थियो।

विगत तीस वर्षका बीच वाग्मती नदीमा प्रशस्त पानी बगिसकेको छ। यसैबीच संस्कृत साहित्यको आचार्य युवाका रूपमा काठमाडौंमा पाइला टेकी उहाँ प्राध्यापन पेशामा सम्बद्ध हुन पुग्नुभयो। गत एक चौथाइ शताब्दीका बीच नेपालमा हिन्दू धर्म र अध्यात्मविद्याका प्रचार–प्रसारका निम्ति आफ्ना अथक कर्मठता र प्रखर वक्तृताका माध्यमबाट प्राध्यापक खेमराज केशवशरणले दिँदै आउनुभएको वैयक्तिक र संस्थागत योगदानक्रमको साक्षी म पनि रहेको छु। उहाँका प्रज्ञा र ऊर्जा विशुद्ध सारस्वत पथमै अक्षुण्ण तथा केन्द्रित रहेका भए पनि उहाँले उल्लेखनीय योगदान गर्न सक्नुहुन्थ्यो तर उहाँको कर्मठताले उहाँलाई प्राज्ञिक रेखापथमै आवद्ध रहन दिएन। वस्तुतः एकातर्फ त्यति ज्यादा उत्प्रेरक प्राज्ञिक वातावरण संस्कृत शिक्षाक्षेत्रमा नहुनु र अर्कातर्फ समकालीन हिन्दू अधिराज्य नेपालमा धार्मिक नवजागरणको युगप्राप्त अपेक्षाले उहाँभित्रको हिन्दूचेतनालाई घच्घच्याउन पुग्नु नै त्यस्तो उत्प्रेरक कारक सिद्ध हुन पुग्यो, जसको फलस्वरूप उहाँ हिन्दू अध्यात्म चेतनाका प्रचार–प्रसारका लहरतर्फ विशेष उन्मुख हुनुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो अवधि पाश्चात्त्य पूँजीवादी औद्योगिक प्रजातन्त्र (स्वतन्त्र विश्व) र समाजवादी सत्ताशिविरका साथै तेस्रो विश्वमा भित्रभित्रै धार्मिक आध्यात्मिक प्रसार र नवजागरणकै संगमश्रृङ्खला थियो र हाम्रा छर-छिमेकमा पनि त्यस्तो लहर क्रमशः बढ्दै थियो। यस युगीन परिप्रेक्ष्यमा उहाँको अध्यात्मविद्या र भक्तिदर्शनतर्फको विशेष दखल, मधुर तथा प्रभावकारी स्वरलहरी एवं प्रखर वक्तृताकौशल वा वाग्मिताले वैयक्तिक एवं संस्थागत संगठित स्तरमा पनि उहाँका ऊर्जा र कर्मठतालाई साथ दिएका हुनाले समाजको युगीन अपेक्षालाई आत्मसात् गर्दै उहाँको गन्तव्य दिशा मोडियो। यिनै विशेषताहरूले उहाँलाई नेपालबाहिर पनि निकै लोकप्रियता दिलाएको पाइन्छ।

उहाँ प्राध्यापनकर्ममै वा साहित्यिक लेखनमै सीमाबद्ध रही रमाउन सक्नुभएन र धार्मिक-आध्यात्मिक पथमा हिंड्दै हिन्दू धर्म र अध्यात्म विद्याका प्रखर, कर्मठ, बौद्धिक उन्नायकहरूका अग्रपंक्तिमा क्रियाशील हुन पुग्नुभयो। यस अभियान क्रमका बीच बीचमा पनि खास गरी नेपाली भाषामा लिपिबद्ध उहाँका 'आह्वान' कवितासंग्रह र 'समर्पण' भक्तिगीतसंकलनका साथै फुटकर कविताकृतिहरू गोष्ठी, छापा र रेडियोका माध्यमबाट आइरहेका हुन् भने उहाँको आध्यात्मिक ओजस्वी संस्करणतुल्य निबन्धात्मक कृतिचाहिं अति बढी संख्यामा नेपाली भाषाले पाउँदै आएको हो। उहाँका धार्मिक आध्यात्मिक अभिव्यञ्जक नेपाली चेतना धाराका निबन्धहरू पुस्तकाकारमा संकलित पनि भएका छन् र तिनले नेपाली साहित्यको ज्ञानाश्रयी गद्य साहित्यिक फाँटको संवर्धनमा योगदान पनि दिएका छन्।

खेमराज केशवशरणका व्यक्तित्वका तीन मुख्य पाटा देखापरेका छन्— प्राध्यापक, हिन्दू धर्म र अध्यात्मका प्रबुद्ध, कर्मठ, बौद्धिक उन्नायक र नेपाली भाषाका ज्ञान काव्य (साहित्य) का संवर्धक स्रष्टा। यी तीन पक्षमध्ये मलाई सबभन्दा बढी मन पर्ने पक्ष उहाँको प्रखर रम्य, आध्यात्मिक निबन्धकारिता नै हो र पनि बीचबीचमा उन्मेषित रहँदै आएको उहाँको नेपाली कवित्व चेत अहिले प्रस्तुत "मृत्युपारिको जीवनयात्रा" खण्डकाव्यका माध्यमबाट ठोस ग्रन्थाकारमा प्रकट हुँदा मलाई ज्यादै प्रसन्नताको अनुभव भयो। पाँच विश्राम (सर्ग) मा विभाजित यो खण्डकाव्य भानु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त आचार्य, ज्ञानदिल दास, लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, गुणराज उपाध्याय, हेमचन्द्र पोखरेल आदिको ज्ञान–काव्य–परम्परामा मानवीय मूल्यको संरक्षण एवं शान्तिपूर्ण उदार विश्वव्यवस्थाको मधुर सन्देश बोकेर उदाएको अद्यावधिक र नवीनतम प्रयोग हो भन्ने म ठान्दछु । यसबाट नेपाली भाषाका कविता फाँटका मानचित्रमा एक खण्डकाव्यकारका रूपमा कवि खेमराज केशवशरण स्थापित हुन पुगेको म अनुभव गर्दछु ।

बृहद् वैदिक वाङ्मयको ज्ञानखण्डस्वरूप उपनिषद्हरू अध्यात्मविद्याका काव्यमय कामधेनुहरू हुन् । उपनिषद्लाई दुही आत्मविद्याको संवाहक ज्ञानकाव्यको अमृतधारा नेपाली पाठकलाई पान गराउन विश्वजीवनप्रति संवेदनशीलता व्यक्त गर्ने यस्तो प्रशंसनीय कृति प्रस्तुत गर्न सफल हुनुभएकोमा मृत्युपारिको जीवनयात्रा खण्डकाव्यका कवि खेमराज केशवशरण हार्दिक वधाइका पात्र हुनुहुन्छ ।

डा. वासुदेव त्रिपाठी

२०४८ असार ३२ गते
वानेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो निवेदन

आज मानवका चतुर्दिक् विकास र प्रगतिका अभियानहरू अविराम गतिले चलेका चल्यै छन् । उसको प्रतिभाले उसको सीमालाई केवल भूमण्डलमा सीमित रहन नदिई अन्तरिक्ष र जलीय क्षेत्रमा समेत निर्बाध गति प्रदान गरेको छ । सुखसुविधाका साधनहरूको अभिवृद्धि सीमातीत रूपमा फैलिदै छ । तर पनि जसको लागि यी कुरा चाहिएका हुन् त्यो मानवताकै रक्षाचाहिं सर्वाधिक संवेदनशीलता र सर्वोपरि चिन्ताको विषय बन्दै गइरहेको छ । यो किन भइरहेछ ?

किनभने मानवले भौतिक उपलब्धिलाई मूल्य दिंदा दिंदा जीवनप्रति सन्तुलन कायम गर्न सकेन । मस्तिष्कको मात्र एकोहोरो विकास र प्रगति-तिर लम्किदा लम्किदा उसले हृदयलाई लगभग पूरै बिर्सिन कै लागेको छ । मस्तिष्क उचालिएर जहाँ पहाड़ हुन खोजिरहेछ त्यहीं हृदय संकुचित बन्दै अस्तित्वहीन बन्ने क्रममा छ । सहृदयता मानवताकै पर्याय हो । परन्तु त्यो करीब करीब विस्मृत छ । त्यसैले दया, करुणा, अहिंसा, मैत्री, परोपकार, शान्ति जस्ता मानवीय शाश्वत मूल्यहरू केवल प्राचीन वाङ्मय-भण्डारका अमूल्य रत्न बन्दै थन्किन लागिरहेछन् । अभाव परिपूर्तिको धूनमा मानवले स्वभावलाई बिर्सेको छ । जीविकाको लागि जीवनलाई बिर्सिन लागिरहेको छ । आज भौतिक गरीबीले मानवसमाजलाई जति सताएको छ त्योभन्दा बढ्ता मानवीय मूल्यहरूको गरीबीले उसलाई विपद्ग्रस्त तुल्याएको छ । विगत ३५ वर्षजतिको मेरो धार्मिक-सामाजिक चिन्तन-यात्रामा जो जो विशिष्ट लेखक तथा चिन्तकहरूलाई भेट्ने पढ्ने मौका मैले पाएँ सबैको चिन्तन मानवीय मूल्यहरूको ह्रासप्रतिको चिन्तामा नै ध्रुवीकृत भएको मलाई अनुभव भयो । यस खण्डकाव्यको मूल प्रेरणाबिन्दु मानवीय मूल्यहरूको अवमूल्यनप्रतिको त्यही सार्वभौम चिन्ता रहेको छ । अंग्रेजी कवि विलियम वर्ड्स्वर्थले भनेका छन्— "What we think tomorrow the poet was thinking yesterday".

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् हामी जुन कुरा भोलि सोच्ने थियौं होला त्यो कुरा कविले हिजै सोचिरहेका थिए। प्राचीन उपनिषद् वाङ्मयका प्रेरक अंश पढ्दा कवि वर्ड्स्वर्थको त्यो भनाइ अक्षरशः प्रमाणित लाग्दछ। उस वेला उपनिषद्का कवितामय पावन मन्त्रहरूले व्यक्त गरेका कुरा आज पनि उत्तिकै प्रेरणादायी छन्। मानवीय मूल्यहरूप्रतिको त्यो चिन्ता विश्वभरीकै प्रबुद्ध चिन्तकहरूको साझा चिन्ता बनेको छ। मन्त्रद्रष्टाहरूले त्यस वेला व्यक्त गरेका भावना-हरूले आजको कविजगत्लाई पनि उत्तिकै स्पन्दित पारिरहेको पाइन्छ। विश्वजीवनप्रतिको त्यो हितचिन्तनले आजको समष्टि मानवलाई अनुप्राणित गर्न सके कति राम्रो हुने थियो ?

केही वर्षअघिको एउटा भेटघाटमा कविवर माधव घिमिरेज्यूसँग प्राच्य संस्कृतिका मूलभूत शिक्षाहरूप्रति समाजको ध्यानाकर्षण गर्नेबारेमा गम्भीर कुराकानी भएको थियो। त्यस वेला उहाँले मलाई भन्नुभएको थियो— "केशवशरणजी ! उपनिषद् अथवा त्यस्तै कुनै प्रेरक स्रोतबाट विषयवस्तु लिएर मानवीय मूल्यमा आधारित एउटा काव्य लेख्नुहोस् न ! त्यो तपाईंले लेख्नुभएमा बेस हुनेछ।" मैले कविवरका ती प्रेरक शब्द बिर्सेको थिइनँ। परिबन्दले अलि विलम्ब गरेर त्यही प्रेरणा अहिले कठो-पनिषद्को मूल कथालाई आधार बनाई 'मृत्युपारिको जीवनयात्रा' मा मूर्त हुन पुगेको छ। त्यसैले पहिले उत्प्रेरणा र अहिले मार्मिक भूमिका प्रस्तुत गरिदिने कृपा गरेर कविवर घिमिरेज्यूले लगाउनुभएको ऋणप्रति म चिरकृतज्ञ छु। आफ्नो उद्बोधक मन्तव्यद्वारा गुन लाइदिनुभएकोमा विद्वद्वर डा. वासुदेव त्रिपाठीज्यूप्रति हार्दिक आभार निवेदन गर्दछु। प्रूफ संशोधनको क्रममा मलाई महत्त्वपूर्ण सघाउ पुऱ्याउनुभएकोमा श्रीरुक्मनाथ पौडेलजीलाई धन्यवाद दिन्छु।

लोकतान्त्रिक आदर्शप्रति समर्पित समाजको लागि आत्मानुशासनको केन्द्रबिन्दुवाट उठेका मानवीय मूल्यहरू आलोकस्तम्भ हुन्छन्। यस परि-प्रेक्ष्यमा प्रस्तुत खण्डकाव्यले प्राप्त गर्ने मूल्यको आधारमा नै मेरो कविता आराधनालाई सफल संझनेछु।

खेमराज केशवशरण

केशवकुटी
सिफल, काठमाडौं

वि. सं. २०४८।४।२।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो विश्राम

वाजश्रवस भनि नाम चलेका
उहिल्यै मुनिवर एक थिए
गौतम आरुणि उद्दालक पनि
उनका चर्चित नाम थिए

शान्त मनोहर वनको बिचमा
उनको आश्रम दिव्य थियो
कलकल गर्दै बग्थे सरिता
वरपर मोहक दृश्य थियो

ऋषिजीवनको त्यो शुभ रचना
शान्त मनोहर आश्रम
शतशत तपसी बस्थे जसमा
छर्दै शान्ति र संयम

यज्ञभावना जीवनप्रतिको
चिन्तनको गहिराई
पशुपक्षीतक त्यसमा अट्थे
जिउँथे क्वै नडराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य अहिंसा करुणासिञ्चित
जीवनधारा कलकल
बगीरहन्थ्यो भर्दै मनमा
शान्तिकामना पलपल

हिमगिरिको त्यो अङ्क मनोहर
स्वयं प्रकृतिको त्यो वरदान
वातावरण थियो अति सुन्दर
मानवताको धाम महान्

जीवन कसरी जीवन बन्दछ
भन्ने शाश्वत ज्ञान दिने
शिक्षाको क्रम चल्थ्यो त्यसमा
स्वभावको निर्माण दिने

वरपरका सब जनपदहरुका
शिक्षार्थी वटु उत्सुक भै
आश्रमको परिवेश सिंगारी
शिक्षा लिन्थे तत्पर भै

ब्रह्म क्षत्र वा वैश्य आदिको
भेदभावना फाली
समानताको निर्मल सरिता
बग्थ्यो स्नेह सँगाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबले आफ्नो लक्ष्य बमोजिम
शिक्षा सादर लिन्थे
स्वयं योग्य भै शिक्षाको फल
समाजलाई दिन्थे

वेदमन्त्रका मङ्गल स्वरले
दशै दिशा घन्किन्थे
तामस मनका विकृति थकित भै
आफैं परपर थन्किन्थे

पक्षीहरूको कलरव हुन्थ्यो
वेदध्वनिको पूरक झैं
छहरा झर्ना सबले दिन्थे
पथिकहरूमा शान्ति सधैं

यज्ञधूमको गतिले भन्थ्यो
लम्क मास्तिरै लम्किरहू
दीप्त वह्निका ज्वाला भन्थे
चम्क ज्योति भै चम्किरहू

आहुतिको शुभ सौरभ फिजिई
सबतिर मङ्गल छथ्र्यो
आर्यभावना मूर्त बनीकन
जीवनसुषमा भथ्र्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति अहिंसा प्रेरक बन्दै
पशुपक्षीतक फैलिन्थ्यो
हिंस्रकहरुको निष्ठुरता पनि
त्यहाँ शान्त भै अल्पिन्थ्यो

बाघ भालु पनि मृगहरुसँगमै
बन्धु बनी सब जिउँथे
चर्थे सँगसँग डुल्थे सँगसँग
सँगसँग पानी पिउँथे

समिधा कुश फलफूल जुटाउन
वटुहरू घुम्थे वनवन
उनको कोमल पदस्पर्शले
पावन बन्थे कणकण

पृथिवीतलको सिङ्गो ममता
रनवन सबतिर पुग्थ्यो
'जीवन हो वरदान' मन्त्र यो
नव सञ्जीवन फुक्थ्यो

करुणाद्रवित जनावर पुग्थे
पर्णकुटीमा प्यार लिन
हातैबाट नखाई नहुने
आग्रह हुन्थ्यो स्नेह दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्ष वनस्पति ममतासिञ्चित
सबमा यौटै बान्धवता
हर चेष्टाले पोखिरहन्थ्यो
मनको चोखो मानवता

पञ्चयज्ञको मधुर भावना
आश्रमको शृङ्गार थियो
सुर नर मुनि पितृ भूत सबैमा
सेवाको उपहार थियो

ऋणमोचनको सुन्दर सपना
सबमा सद्व्यवहार थियो
सिर्जनप्रतिकै तत्परतामा
सुन्दरता साकार थियो

नश्वर के हो शाश्वत के हो
चिन्तनको शुभ लक्ष्य थियो
सत्य वस्तुको खोजी गर्ने
जीवनप्रतिको शोख थियो

परिवर्तनको भित्री तहको
अपरिवर्त्यमा लक्ष्य गरी
शिक्षाको क्रम चलीरहन्थ्यो
भावजगत्को स्पर्श गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रेय छ कस्तो प्रेय छ कस्तो
मानवको गन्तव्य कता
क्षणभङ्गुरले शाश्वत मिल्ने
कुन हो मनको निर्मलता

छिनछिनको उपयोग कसोरी
सुन्दर होला जीवनमा
अन्तर्यात्राप्रतिको तरखर
चलीरहन्थ्यो चिन्तनमा

पूर्णबाट यो सृष्टि खड़ा भो
पूर्ण छ यसको अवलम्बन
पूर्णतत्त्वले निर्मित रचना
पूर्णपूर्ण छन् यी कणकण

असन्तुष्टिको ज्वालाभन्दा
कृतज्ञताको शीतलता
ममता बन्दै मनमन्दिरमा
प्रतिपल भर्थ्यो सुन्दरता

बाहिर हेर्दा पार्थिवताको
स्थूल दृश्य यो मानव छ
भित्र भित्र जति पस्दै आयो
अनन्तको यै उद्भव छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमाभित्रै असीम बोकी
जिउँने यौटै मानव छ
स्रष्टालाई सिर्जन थप्ने
सहयोगी यै मानव छ

मानव नभए सुन्दरताको
मूल्य कसोरी खुल्दो हो ?
ईश्वरको यो सिर्जनवनमा
सौरभ कसले भर्दो हो ?

द्रष्टा बन्दै दृश्य जगत्को
दर्शन कसले लेख्दो हो ?
भाव भावमै कला सिंगारी
सपना कसले देख्दो हो ?

मानव नभए अरुको निम्ति
सोच्ने फुर्सद लिन्थ्यो को ?
आफ्ना पसिना आफ्नै मनले
परसेवामा दिन्थ्यो को ?

स्वत्व फिजाई पर पर पुग्दै
मन मन सबका गाँस्थ्यो को ?
दिलका पत्रै पत्र रसाई
अरुको सुखमा हाँस्थ्यो को ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै यस्तो गुणगरिमाको
चिन्तनको शुभ धारामा
ऋषि जीवन त्यो चलीरहन्थ्यो
आफनै सुन्दर पारामा

कुनै क्षेत्र होस् कर्मठता नै
ईश्वरको वरदान थियो
त्याग तपस्या ज्ञानभित्र नै
जीवनको सम्मान थियो

आश्रमको त्यस शिक्षाक्रममा
गुरुहरू हुन्थे देवसरी
गुरुता दिन्थे शिष्यहरूको
जीवनको निर्माण गरी

शिक्षा भन्नासाथ बुझिन्थ्यो
स्वभावको निर्माण कला
सेवामय भै समाजलाई
मिल्थ्यो महतको बदला

अनुशासनको दिव्य उज्यालो
छात्रहरूको नियम थियो
चरित्रबलको संवर्धन नै
शिक्षित हुनुको अर्थ थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिदायिनी विद्याको नै
जनजनमा सम्मान थियो
स्नातक बन्ने योग्य व्यक्तिको
घरघर गौरवगान थियो

विद्यार्जनको साथसाथमा
सहगामी संस्कार थियो
गुरुहरुनिम्ती गुरुतामापक
शिक्षितको व्यवहार थियो

गुरुकुल भनिने विद्याश्रम नै
गुरुको गौरवहेतु थियो
शिक्षार्थीको शिक्षकसितको
नाता ममतासेतु थियो

आश्रमको शुभ मर्यादामा
भिक्षाटन पनि एक थियो
द्वारद्वारमा ममता गाँस्ने
यसमा स्वच्छ विवेक थियो

घरघरका ती मुट्ठीहरुले
गर्थे जसले विद्यार्जन
वरपर सबतिर तिनको हुन्थ्यो
आफनै सङलो बान्धवपन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाज सिङ्गै आफ्नोपनमा
गाँसिन पुग्थ्यो ममताले
शिक्षितहरुको सेवाद्वारा
प्रतिफल भेट्थे जनताले

लिनुका साथै दिनु पनि हुन्थ्यो
व्यष्टि समष्टि दुवै बिचमा
जति फैलिन्थ्यो ममतासीमा
तृप्ति बढ्दथ्यो जीवनमा

औरस सन्ततितुल्य बन्दथे
गुरुका निम्ती छात्र सबै
देवदृष्टिले गुरुप्रति हुन्थ्यो
शिष्यजगत्को भाव सधैं

स्नातकताका मापक हुन्थे
विद्याव्रतका नियमहरू
पढ्नुसँगै नै तप पनि गर्दै
योग्य बन्दथे छात्रहरू

आफ्नो आवश्यकता आफैं
पूरा गर्ने नियम थियो
आफैंप्रतिको निर्भरता नै
उन्नतिनिम्ति प्रमाण थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुसेवा, कृषि, गोपालनको
कार्य दक्षतासाथ गरी
खारिनुपर्थ्यो छात्रहरूले
दुःखसुखमा समभाव गरी

कर्मकुशलता प्रमाण बन्थ्यो
सफल योग्यता सिर्जिनमा
स्वाभिमानको भाव भरिन्थ्यो
स्वकर्मबाटै जीवनमा

अल्छी भै अरुको मुख ताक्ने
बानी पापसमान थियो
चेतनताको शिक्षणमा नै
शिक्षित रूपविधान थियो

जुन घरको आँगनमा पुग्थे
भिक्षार्थी भै वटुकहरू
धन्य धन्य संझन्थे केही
दान दिएर गृहस्थहरू

विद्यार्थीको रूप संझिदा
विनय तपस्या झल्किन्थ्यो
चरित्रबलको गौरव संझी
समाजकै मन पग्लिन्थ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थीको निम्ति दिएको
समाजहितमा पुरुष पछि
दाना दाना सार्थक बन्छन्
हुन्छ देशकै भलो पछि

यस्तै पावन सोचाईमा
घर घर पुग्थ्यो दानरुचि
ज्ञानप्राप्तिको महिमा संगै
हुन्थ्यो सबमा स्वच्छ मति

समाजप्रतिको रूपकल्पना
विराटको नै सृष्टि थियो
जाति जातिमा त्यसकै अवयव
देख्ने सुन्दर दृष्टि थियो

अङ्ग अङ्गको सहकर्मीपन
वर्ग वर्गमा व्यक्त थियो
शान्तिपूर्ण सहजीवन सिक्ने
शिक्षणको शुभ लक्ष्य थियो

आश्रमहरुको परिगणनामा
ब्रह्मचर्य नै प्रथम थियो
जीवनको संपूर्ण पूर्णता
यसकै रचनाभित्र थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछिका अरु आश्रमहरुनिम्ती
संबल यसमै पाइन्थ्यो
जिउने कसरी, चल्ने कसरी
यसमै मार्ग बताइन्थ्यो

"व्यक्ति बनेमा समाज बन्दछ"
पहिलो जीवनमन्त्र थियो
समाजको शुभ नीतिनियममा
अनुशासन नै तन्त्र थियो

आस्थाको यस सिर्जनक्रममा
गुरुकुल यौटा व्याङ् थियो
प्रभावकारी बिउको रचना
स्नातकताको आङ् थियो

अङ्ग अङ्गको सेवा जसरी
अङ्गीलाई मिल्छ सधैं
अङ्गीको बलशक्ति उसै गरि
अङ्ग स्वयंमा पुग्छ सधैं

व्यष्टिसमष्टी दुवै परस्पर
पूरक बन्थे चिन्तनमा
बाँच्नु बचाउनु लक्ष्य रूपमा
सँगसँग चल्थ्यो जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस आश्रमका अनुपम शोभा
ऋषिका आफ्नै पुत्र थिए
आश्रमको परिवेशभरीमा
उनै स्नेहका सूत्र थिए

विद्यार्जन, गुण, शील सबैमा
उनको आफ्नै स्थान थियो
त्यसै हुनाले शिशुमण्डलमा
उनको ज्यादै मान थियो

नचिकेता भनि उनी चिनिन्थे
सबमा उनकै खोज थियो
उनको साथ सबैको निम्ती
निर्मल मनको मोज थियो

वाजश्रवसका गृहआश्रमका
नचिकेता शृङ्गार थिए
ऋषिमण्डलका निम्ति उनी
अझ स्रष्टाकै उपहार थिए

जुन उत्सव होस् त्यस आश्रममा
नचिकेताको योग थियो
पूज्य पिताको धार्मिक विधिमा
उनको सत्सहयोग थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञापालन, अनुशासनमा
उनको दृढ़ विश्वास थियो
जस्तै दुष्कर काम अहाऊन्
हृदयबीच उल्लास थियो

एउटा यज्ञ गरूँ भनि ऋषिको
मनमा सत्सङ्कल्प उठ्यो
यत्न यत्नमै मनचिन्ते भै
आवश्यक संभार जुट्यो

पुग्यो निमन्त्रण वरपर सबतिर
ऋषिमण्डल एकत्र भयो
जनपदहरुको जनजीवनमा
नवचिन्तन उद्बुद्ध भयो

ऋषि आश्रमको यज्ञमहोत्सव
श्रद्धाको शुभ केन्द्र भयो
बाल वृद्ध नर नारी सबको
मनमा दिव्य उमङ्ग भयो

दशै दिशाका मार्गहरूमा
यात्रीहरुका लहर चले
यज्ञपुरुषको आराधनले
मनमा चिन्मय दीप बले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समष्टिहितको भाव मनोहर
यज्ञमूल भै जागृत भो
जनजनको मनभित्र सृष्टिको
सत्यकल्पना अङ्कुरित भो

कसरी कुन सहयोग पुऱ्याऊँ
कौतुक सबका मनमा भो
सुकर्मप्रतिको ममता ब्यूँझी
शुभचिन्तनको उद्भव भो

सहयोगै सहयोग सबैतिर
हातहातले व्यक्त गरे
पत्नीशाला, यज्ञवेदिका,
पुरोडाश सब पूर्ण गरे

अङ्ग सबैथरि पूरा पारी
ऋषिको यज्ञविधान चल्यो
वेदमन्त्रको ध्वनि सँगसँग नै
ईश्वरको गुणगान चल्यो

अरु सब विधिहरु सकिंदै जाँदा
समय भयो तब दान दिने
अन्न, वस्त्र, धन अर्पण गर्दै
चल्दै गो विधि मान दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोधनको पनि पालो आयो
ऋषिले ल्याए चुनी चुनी
राम्रा भरिला मोटाघाटा
रोजी रोजी गुणी गुणी

सुन्दर बलिया गाई सकिए
पालो आयो दुर्बलको
जस्ता हुन् सब दिन्छू भन्ने
ऋषिको मनमा धून चल्यो

खाने इच्छा पिउने इच्छा
जसको अतिशय शान्त थियो
जसका इन्द्रिय शिथिल थिए अनि
दूध दिने स्थिति शून्य थियो

त्यस्ता मरणासन्न गाइको
दान दिने जब काम भयो
नचिकेताको मनमा त्यसले
कौतूहलको उदय भयो

श्रद्धाको उपहार अर्पिदा
यस्तो भो विपरीत किन ?
काम नलाग्ने वस्तु दिनेले
भेट्ला भावी लोक कुन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो त हैन अनुकूल यज्ञको
यसले मिल्दछ निम्न गति
पूज्य बुबाको मनमा आयो
किन यस्तो प्रतिकूल मति ?

वटुको मनमा लहड़ चल्यो अनि
उनले सोधे पितासँग
बुवा ! मलाई सोच्न लाग्नुभो
भन्नोस् कसप्रति दान दिन ?

बालकको यो धृष्ट प्रश्नले
ऋषिको मन उद्विग्न भयो
मृत्युलाइ लौ दिन्छु तँलाई
भन्ने उत्तर प्राप्त भयो

जति सोधे त्यै उत्तर आयो
दोस्रो तेस्रो पटक पनि
बालकको मन निश्चित भैगो
मृत्युसितै अब भेट्छु भनी

कोही गर्छन् आशय संज्ञी
ती हुन् पहिला श्रेणीका
कोही गर्छन् आज्ञा पाई
ती हुन् मध्यम श्रेणीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही आज्ञा मिलिसक्दा पनि
गर्दैनन् क्यै अधम बनी
प्रथम होउँ वा मध्यम होउँ
जान्छू म त अब शिष्ट बनी

मृत्युलोकमा पुग्ने अवसर
मिल्यो मलाई भाग्यवश
आज्ञा पाऊँ जान्छु बुवा ! अब
नरहोस् चिन्ता रत्तिभर

पूर्वज हाम्रा गए यसै गरि
भविष्यका पनि जानेछन्
सत्य सरी भै मर्त्यहरू यी
जन्मेका सब मर्नेछन्

मर्त्य लोकमा मृत्यु नपुग्ने
ठाउँ कुनै पनि पाइन्न
आजै होस् वा अलिपछि नै होस्
नमरीकन धर पाइन्न

जे भो भैगो बुवा ! म जान्छु
पछुतो मनमा नहोस् रती
मृत्युसँगै गइ सोध्छु कहीं त्यो
मृत्यु नपुग्ने ठाउँ छ कि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति भन्दै तीं ऋषिबालकले
सुस्थिर भैकन लाए ध्यान
मनमा दृढ संकल्प जगाए
अनायास गरि प्राणायाम

बाहिरका सब सीमा नाघी
लोकान्तरमा पुगे उनी
भाव भावमै उनले भेटे
अति प्रसिद्ध पुर संयमनी

यमपुर पुग्दा नचिकेताले
देखे नरका विविध गति
निज निज फल सब भोगिरहेका
यथाकर्म अनि यथामति

कर्मभूमि हो मानवजीवन
रोप्नु र टिप्नु छ नित्य यहाँ
जस्तो रोप्यो उस्तै फल्दछ
फलवैषम्य हुँदैन यहाँ

देखिन्थ्यो परिपाक कसैको
दैहिक संकट मात्रतक
ताप थियो मनभित्र कसैको
ऋर्थे अविरल अश्रुजल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोग्नुपऱ्यो जब कष्ट यातना
अहिले मानिस रुन्छ यहाँ
त्यस्तो सुन्दर औसर मिल्दा
गुम्न पुग्यो त्यो होश कहाँ ?

धन, बल, यौवन, मानप्रतिष्ठा
मादक भैकन जुट्न पुगे
तिनकै पछि पछि हिंड्दा नरका
सद्गुणहरु सब छुट्न पुगे

रज अनि तमले ढाक्यो सबतिर
सात्त्विकता अति दूर भयो
मद मात्सर्य चढ्यो मनबिचमा
कल्मष अनि भरपूर भयो

तब लाग्यो अरुलाइ सताउन
मानवताको मार्ग भुली
पर्दा दुःसह कष्टभुमरिमा
अहिले हुन गो शूलसरी

जे जति मानिस भोग्छ जगत्मा
उपज सबै त्यो हुन्छ निजी
जस्तो गर्छ कमाई अहिले
त्यस्तै परिणति हुन्छ पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही धुरुधुरु रोइरहेका
देखिन्थे त्यो यमपुरमा
कोही हर्षित लम्किरहेका
सुरपुर जाने तरखरमा

हेर्दै यस्ता दृश्य अनेकौं
नचिकेता जब अघी बढ़े
यौटा सुन्दर उपवनबिचमा
उनका उत्सुक नयन परे

त्यहीं नगीचै सघन मनोहर
यौटा पीपलवृक्ष थियो
त्यसका वरिपरि सुषमा भर्ने
स्वच्छ अतिप्रिय दृश्य थियो

अलि पर पुग्दा वैभवशाली
यौटा ठूलो भवन मिल्यो
भेट हुने भो यमसित भन्ने
संझी उनको हृदय खिल्यो

देखेथे जब द्वारैपिच्छे
पहरेहरूको टहल त्यहाँ
उनले सोचे आज्ञाबेगर
हुन्न कसैले पस्न यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्छल मनको स्वच्छ भावना
उनमा त्यसघरि दीप्त भयो
ऋषिकुलको शुभ जीवनचर्या
मनमा सहसा फुर्न गयो

अनुशासित भै धैर्य लिई अब
यमसित गर्दछु भेट भनी
शान्तिसाथ अनि पर्खन लागे
आसन बाँधी वृक्षमनी

शिशुसुलभ उज्यालो प्राप्तिआशा जगाई
वरपर मृदुताको भावधारा फिंजाई
तपतिर मन लाई बिसिई भोकतिर्खा
स्थिर भइ नचिकेता गर्न लागे तपस्या

पहिलो विश्राम समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो विश्राम

पुगेथे जब ती ऋषिवटु
यमको धाममा
यम त कहीं गएका रै'छन्
अरु नै काममा

भेटेरै जान्छु भनेर त्यहीं
ध्यानस्थ बनेर
पर्खेर बसे ती ऋषिपुत्र
दिवस गनेर

नखाइकन नपिइकन
ध्यानमै रहेर
समय काटे भोक र प्यास
तपले सहेर

फर्किए यम दिवस तीन
बाहिरै बिताई
अतिथि देखी दर्शन गरे
खुशीले रमाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यमले भने अगाडि सरी
"हे ऋषिकुमार !
कसरी यस्तो भएछ आज
करुणा अपार

मृत्युको नाम सुन्दैमा कति
मानिस तर्सिन्छन्
कानमा कुरै नपरोस् भनी
डरले तर्किन्छन्

तिमी त केही नगनिकन
सजिलै आएछौ
यस्तो यो दिव्य प्रेरणा कहाँ
कसरी पाएछौ

पवित्र पान्यौ यो यमपुरी
हे ऋषिकुमार !
श्रद्धाले झुकी प्रणाम गर्छु
गर लौ स्वीकार

अतिथि ह्यौता आएका बेला
परेंछु बाहिर
भोक्भोकै बस्नु परेछ कठै !
मलाई कुरेर"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यमकी रानी गुणकी खानी
अतिथि देखेर
हर्षित भइन् यमपुरीकै
सौभाग्य संझेर

भन्दछिन् उनी श्रद्धाले गमी
हे पतिदेवता !
स्वागत गरौं प्रसन्न होउन्
यी विप्रदेवता

पवित्र जल ल्याएर धोऔं
यिनका चरण
पवित्र बनोस् जीवन पाई
पुण्यको शरण

तपसी यस्ता आउँछन् जब
अतिथि भएर
अग्नि हुन् संझी गर्दछन् पूजा
चरण धोएर

रानीले दिइन् जलको धारा
श्रद्धाले नुहेर
यमले धोए वटुका पाउ
सद्भाव लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धाले झुकी दुवैले गरे
तिनको पूजन
भावना बढी दुवैका भए
सजल नयन

शरीर त्यागी शरीरी पुग्थे
त्यो यमपुरमा
ती वटु भने सदेह पुगे
योगको भरमा

तपका मूर्ति सजीव वटु
अतिथि पाएर
श्रद्धाको मात्रा बढेर आयो
सीमा नै नाघेर

यमले भने– "हे ऋषिपुत्र !
तप यो गरेर
तिमीले राख्यौ आदर्श स्वयं
दृष्टान्त भएर

तपस्या विना को छ र यहाँ
सफल भएको
पूर्णता यसै भेटिन्छ कहाँ
कसैले पाएको ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्पित जो छ लक्ष्यको निम्ति
संकट सहेर
सिद्धिले गर्छिन् वरण उस्कै
वशमा रहेर

जो मृत्युदेखि डराइ भाग्छ
त्यै यहाँ मर्दछ
नीडर भई सुकर्म गर्ने
संसार तर्दछ

हृदय तिम्रो बलियो रैछ
कलिलै वयमा
सत्यको बाटो चिनेर आयौ
मृत्युको घरमा

श्रद्धाले तिमी मकहाँ आयौ
हे ऋषिकुमार !
घृणाको साटो तिमीले राख्यौ
आदर अपार

मकहाँ आई सेवाको मौका
दिलायौ मलाई
म पनि तिम्रो गर्दछु केही
अवश्य भलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिथि हुन्छन् परम पूज्य
पुण्यका कारण
त्यसमा पनि तपसी वटु
जगतपावन

पाहुना यस्ता अनौठा मेरा
घरमा उदायौ
कल्पनाभन्दा परको कुरा
संभव तुल्यायौ

बितायौ तीन रात र दिन
नखाइ नपिई
तीनोटै वर माग म दिन्छु
संकोच नलिई"

ती ऋषिपुत्र गर्दछन् बिन्ती–
"हे मृत्युदेवता !
विनम्र भई भन्दछु कुरा
मनमा लागेका

न केही गरें विशेष तप
न ठुलो पुण्य क्यै
तैपनि ममा लाग्नुभो गर्न
करुणा तुरुन्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहँछु ज्यादै सौभाग्यशाली
ऐले म बुझदैछु
मृत्युमा पनि हृदय रै'छ
बल्ल म बुझदैछु

पहिलो वर म माग्छु अब
हे यम ! सुन्नुहोस्
अनौठो कुरा मागेको भनी
नठानिदिनुहोस्

बुवाले यज्ञ गर्नुभो ठूलो
साधन जुटाई
औसर मिल्यो क्यै सेवा गर्ने
त्यसमा मलाई

सर्वस्व दान चलेको देख्दा
कौतुक भएछ
किन हो किन यो मेरो मन
उत्सुक भएछ

'कसका हात मलाइ दिने'
हे बुवा ! भनेर
सोधेँछु मैले खेलाँचि ठानी
चञ्चल बनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'तँलाई दिन्छु मृत्युका हात'
भन्नुभो बुवाले
लिएर त्यही प्रेरणा आएँ
क्यै बुझ्ने इच्छाले

खुशीले हो वा रिसले हो त्यो
मैले क्यै बुझिनँ
बुवाको आज्ञा मानेर आएँ।
अरु क्यै सोचिनँ

अब म फेरि फर्केर जाँदा
रिसानी नरहोस्
प्रसन्न रहोस् बुवाको मन
अशान्ति नहोओस्

मृत्युका घर पुगेर फर्की
आएको भनेर
घृणाको भाव बुवामा नहोस्
मलाइ देखेर

हजूरसँग बिदा भै जब
पुगुंला सामुमा
ममाथि रहोस् स्नेहको भाव
बुवाको मनमा"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछन् यम खाएर गम
"हे ऋषिकुमार !
नमान चिन्ता छन् तिम्रा पिता
अत्यन्त उदार

आशिष मेरो पाएर तिम्रा
बुवाको मनमा
क्रोध र दुःख छुटेर माया
जाग्ने छ तिमीमा

गर्नेछन् तिम्रो स्वागत अति
करुण बनेर
बाबुको मन सन्तानमाथि
के हुन्थ्यो निष्ठुर !

छुटेर आए यी मृत्युबाट
भनेर खुशीले
काट्नेछन् रात सन्तोष साथ
आनन्दी मनले"

ती ऋषिपुत्र गर्दछन् बिन्ति
विनम्र भएर
मागेको कुरा सुलभ हुँदा
श्रद्धाले नुहेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो मैले मागें त्यै बिनुभयो
छु चिरकृतज्ञ
म दोस्रो वर माग्दछु दिनोस्
नमानी अचम्म

जन्मने मर्ने संसारदेखि
दिक्क छन् दुनियाँ
विश्व नै देख्छु चिन्तित सधैं
स्वर्गको खोजीमा

स्वर्गमा हुन्न डर र त्रास
न त छ बुढचाईं
न भोक प्यास, न त छ त्यहाँ
कालको रजाईं

शोकको सीमा नाघेर सधैं
सुखमा डुबेर
स्वर्गमा बस्न पाइन्छ भन्छन्
निश्चिन्त बनेर

त्यो दिव्य स्वर्ग जसले मिल्छ
पाउँ म त्यो विद्या
दोस्रो यो वर दिनुहोस् अब
हे मृत्युदेवता !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ छ जम्मै मरणशील
त्यहाँ छ अमृत
यो मर्त्य प्राणी पुग्दछ कुन
पुण्यले त्यो देश

यो वर पाए संभव हुन्थ्यो
विश्वकै कल्याण
हे यम ! पूरा गर्दिनोस् मेरो
विनम्र याचना"

यमले भने द्रवित भई–
"हे ऋषिकुमार !
धन्य छ तिम्रो यो हितकारी
उत्तम विचार

हे नचिकेता ! देखेर तिम्रो
विवेक अपार
यो मेरो मन बन्दैछ ऋन
स्नेहले उदार

त्यो दोस्रो वर अब म दिन्छु
सुन हे कुमार !
यसले तिमी बन्नेछौ पूरै
देशका शृङ्गार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको शिक्षा छ अग्निविद्या
यज्ञको मुहान
साधना गरे यसैले हुन्छ
मानिस महान

साधन के हो कुन हो लक्ष्य
मान्छेले बुझ्दछ
जीवन केले जीवन बन्छ
यसैले खुल्दछ

हुनेछ तिम्रै नाउँले ख्याति
यो अग्निविद्याको
यो वर पाई बन्नेछौ तिमी
गौरव विश्वको''

यसरी पैले महिमा भनी
सुखको निधान
यमले सारा बताए अग्नि-
विद्याको विधान

''विज्ञान हो यो, यो हैन मात्र
केवल चलन
यसले हर्छ मनको सारा
ताप र जलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे नचिकेता ! दिन्छु म माला
अमूल्य रत्नको
जे कुरा माग्यो यसले दिन्छ
मनले सोचेको

प्रतीक संज्ञ यो रत्नमाला
संकल्पबलको
अठोट विना सफल हुन्छ
सपना कसको ?

ऋग्, यजु, साम कल्याणधाम
यी तीन वेद हुन्
विश्वको सारा ज्ञानको निम्ति
यी मूल स्रोत हुन्

वेदकै लिई आधार मान्छे
ईश्वर चिनेर
शान्तिको धाम पुगेर हुन्छ
अजर अमर

यो विद्या सिकी जो गर्छ यज्ञ
तीनोटै वेदले
अमर भई चम्कन्छ सधैं
तपको बलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरसेवा, संगति अनि
मित्रता बढाई
निःस्वार्थ पारी दानको चोखो
भावना जगाई

यज्ञले लग्छ मानिसलाई
शान्तिको पथमा
यसैले बन्छ अर्पित सधैं
ऊ विश्वहितमा

यज्ञ र दान, तप यी तीन
जो नित्य गर्दछ
राखेर नाम प्रभुको धाम
सजिलै पुग्दछ

मृत्युको पाश चुँडाली यज्ञ,
दान र तपले
स्वर्गको सुख मान्छेले भोग्छ
छुँदैन शोकले

हे नचिकेता ! सुन लौ यता
द्वितीय वरमा
जे जति भनें पुग्याउ तिमी
त्यो मर्त्यलोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो विद्या तिम्रै नाउँले चल्छ
साधनाजगत्मा
यसले तिम्रो फैलिन्छ यश
सम्पूर्ण लोकमा

लौ अब माग तृतीय वर
विचार पुऱ्याई
चाहना जे छ मनमा तिम्रो
भन त्यो मलाई"

यमको कुरा सुनेर भन्छन्
गौतमकुमार
"दिनुभो आज अमर निधि
बनेर उदार

हे धर्मराज ! करुणा निम्ति
छु चिरकृतज्ञ
हुनेभो यात्रा सफल मेरो
छु अति प्रसन्न"

तृतीय वर के मागुँ भनी
ती ऋषिपुत्रले
विचार गरे गंभीर भई
एकाग्र चित्तले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले सोचे यो मौका फेरि
मिल्छ कि मिल्दैन
मृत्युको स्वयं करुणा यस्तो
जुर्छ कि जुर्दैन

माग्नु छ मैले विश्वकै निम्ति
हितको साधन
समष्टिहित गर्नैकै हुन्छ
सफल जीवन

मानिस जन्म्यो हुर्कियो बढ्यो
जसको काखमा
त्यो विश्व सधैं राख्दछ केही
सेवाको चाहना

जिन्दगी यौटा फूल हो यस्ले
सौरभ छर्नु छ
फक्रेर आफ्नो विश्वमा मीठो
सुषमा भर्नु छ

ज्ञानको वर पाएमा नर
सफल बन्दछ
स्वरूप आफ्नो चिनेर स्वयं
अमर बन्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारै चिन्यो स्वयंको चाहिं
गरेन चिनारी
यसरी मान्छे ठगिन्छ आफैं
भविष्य बिगारी

त्यसैले माग्छु ज्ञानको वर
यी मृत्युसामुमा
जसले होला उज्यालो केही
मनुष्यलोकमा

सोचेर यति गरेर नति
प्रसन्न चित्तले
तृतीय वर नमानी डर
मागे ती वटुले

जे जति मागें दिनुभो सब
बनेर उदार
लौ अब दिनोस् तृतीय वर
हे सूर्यकुमार !

भन्दछन् कोही रहन्न केही
मरेर जाँदामा
कोही छ भन्छन् परत्र पनि
सृष्टिको रचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरसँगै सकिन्छ सबै
भन्दछन् कसैले
रहन्छ आत्मा परत्र पनि
मान्दछन् कसैले

पाप र पुण्य जो यहाँ गऱ्यो
त्यै त्यहाँ फल्छ रे !
यहींको हेरी त्यहाँको सब
व्यवस्था चल्छ रे

हे धर्मराज ! भन्दिनोस् आज
यथार्थ मलाई
रहस्य बुझी, सकूँ म गर्न
विश्वको भलाई

हे मृत्युदेव ! तृतीय वर
मलाइ दिनुहोस्
मरेर जाने प्राणीको गति
बताइदिनुहोस्"

जब यो अति जटिल प्रश्न
सुनेथे यमले
क्षणङ्ग भई विचार गरे
चिन्तित मनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुयोग्य पात्र नपाई ज्ञान
ठाउँमा पर्दैन
पात्रमा नगै ज्ञानले कुनै
कल्याण गर्दैन

यी केटाकेटी कलिलो वय
प्रश्न छ गहीरो
के गरि बुझलान् यिनले यस्तो
कठिन कुरा यो

नजाँची यसै रहस्य यस्तो
कसरि बताऊँ ?
त्यो मृत्युभन्दा परको यात्रा
कसरि बुझाऊँ ?

के गरि दिऊँ यसको अब
उत्तर भनेर
एकै छिन् लागे विचार गर्न
गंभीर बनेर

तरलपन दयाको चित्तमा चल्बलायो
ऋषिवटुप्रति भित्री स्नेहको भाव छायो
क्षितितलबिच बढ्ला शान्ति केले भनेर
दृढ़ बनि यम लागे ध्यानमा केहि बेर

दोस्रो विश्राम समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो विश्राम

यमले ध्यान लाएको देखी
ती ऋषिकुमार
उत्सुक भए मनमा आशा
जगाइ अपार

निर्भय भई सोधेका थिए
विषय अगम्य
यमको मुद्रा देख्दा ती भए
अति नै प्रसन्न

नयन खोली स्नेहको बोली
सुस्तरी बोलेर
यमले भने सान्त्वना दिंदै
हृदय खोलेर

"हे बाबु ! यस्तो गहीरो कुरा
नसोध मलाई
अरु नै माग तृतीय वर
नगर ढिठ्याई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको साटो अरु जे माग्छौ
सहर्ष म दिन्छु
अघ्ठेरो तर नमाग वर
स्नेहले म भन्छु

ह्यौताले पनि संझन गाह्रो
यो सूक्ष्म कुरामा
बालक ! तिमी नराख ऐले
अगम चाहना"

सुनेथे जब यमका यस्ता
उदास वचन
आग्रह गरी ती भन्न लागे
गौतमनन्दन

"हे धर्मराज ! सोध्दैछु आज
विषय अगम्य
देवता पनि यो कुरा सुन्दा
मान्छन् रे अचम्म

हजूरले पनि अगम भनी
स्वीकारिसकेको
विषय यस्तो बताइदिने
पाउँला अरू को ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले म त त्यै वर माग्छु
अरु क्यै माग्दिनँ
रहस्य बुझने सुनौलो मौका
म यसै त्याग्दिनँ

जीवन के हो मरण के हो
म बुझन चाहन्छु
त्यो मृत्युपारी पुगिन्छ कहाँ
म जान्न चाहन्छु

यो जस्तो वर अरु के छ र
हे मृत्युदेवता !
शिष्य हूँ ठानी त्यै वर दिनोस्
राखेर ममता"

यमले फेरि फकाइवरी
संझाए स्नेहले
देखाइ लोभ वटुको मन
जाँचेर प्रेमले

"सुन र चाँदी हीरा र मोती
सम्पत्ति अपार
रत्नले सधैं भरिला तिम्रा
हुनेछन् भण्डार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतायु तिम्रा छोरा र नाती
हुनेछन् पृथ्वीमा
हात्ती र घोड़ा गाई र भैंसी
तवेला गोठमा

जे जति सुख स्वर्गमा मिल्छ
त्यो सब स्वीकार
सँगाल तिमी यी अनगिन्ति
सुखका संभार

जे जति यहाँ मान्छेले गर्छ
सुखको कल्पना
तिम्रो त्यो जन्मै हुनेछ पूरा
मनको चाहना

यी राम्रा राम्रा रमणी लेऊ
सुखका साधन
बाजा र गाजा साथमा दिन्छु
यी दिव्य वाहन

जीविका उस्तै रहर लाग्दो
जुटाइदिउँला
भोगेर कैल्यै नसक्ने धन
मिलाइदिउँला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तसम्म चिरायु बनी
सुखमा रमाऊ
बनेर ठूला वैभवशाली
सुयश कमाऊ

परत्र निम्ति नलेऊ चिन्ता
यिनमै रमाऊ
नसोध अब मृत्युको कुरा
लौ चित्त बुझाऊ"

हृदय जाँच्ने यमका यस्ता
वचन सुनेर
वटुले भने ज्ञानको भोक
मनले पोखेर

"हे धर्मराज ! जो सुनें आज
सुखको बयान
पाइनँ मैले यसमा कुनै
शान्तिको निदान

आज जो प्रिय लाग्दछ भोलि
अप्रिय लाग्दछ
ऐले छ मीठो तुरुन्त त्यही
नमीठो बन्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो भन्छ भोगें, भोगिन्छ आफैं
ऊ थाहै नपाई
विषय उस्तै रहन्छन् तर
ऊ भेट्छ बुढचाईं

जसले ठान्यो भोगमा सुख
ऊ आफैं ठगिन्छ
त्यागमा जस्तो अमृत मीठो
कहाँ पो पाइन्छ !

दुःखको साथ नलिइ सुख
आउँदै आउन
त्यै सुखी हुन्छ जो सुख कैल्यै
चाहँदै चाहन

औंसी नै नभै पूर्णिमा यसै
कहिले हुन्थ्यो र !
रातको साथ नभए दिन
के राम्रो लाग्थ्यो र !

घाम र छाया साथमै हिंड्छन्
अगि र पछि भै
सुख र दुःख नछोडी साथ
चल्दछन् संगी भै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले राख्यो सुखको आशा
दुःखी त्यै बन्दछ
निःस्पृह हुने सौभाग्यशाली
सुखमा रम्दछ

जत्ति नै पाओस् माग्छेले धन
भो भन्न सक्तैन
करोड़पति भएमा पनि
धनले पुग्दैन

अर्थ हो भन्छन् कहिले त्यही
अनर्थ बन्दछ
सम्पत्ति पनि कहिलेकहीं
विपत्ति भैदिन्छ

नभेट्दा जो छ अमूल्य त्यही
भेट्दा छ नगण्य
तृष्णाको बाटो जति नै लम्कोस्
विश्राम भेटिन्न

धनले मिल्छ नश्वर वस्तु
अमृत भेटिन्न
पैसाले किन्छु भनेर कैल्यै
जीवन पाइन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्छेको लागि सम्पत्ति हुन्छ
केवल साधन
साध्य हो उस्को कल्याणकारी
अनन्त जीवन

धनको निम्ति जीवन आफ्नो
बिर्सनु हुँदैन
विवेकी नभै मानिस कैल्यै
लक्ष्यमा पुग्दैन

यो जिन्दगानी मायाको खानी
प्रीतिको जुहार
आखिर एकै छिनमा हुन्छ
कालको आहार

ऐले 'छ' भन्छौं छिनमा त्यही
'थियो' मा पुग्दछ
यो कर्कलाको पानी झैं भई
जीवन बित्तछ

जे जति मिल्छ क्षणिक मात्र
यो सृष्टिभरमा
मृत्युको गति नपुग्ने ठाउँ
देखिन्न विश्वमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बगेको खोला क्यै गरे पनि
कहिल्यै फर्किन्न
बितेको आयु पाउन फेरि
क्यै गरि सकिन्न

पानीको फोका फुटे झैं गरी
नाशिने छिनमा
रमाइ बस्छ को बुद्धिमानी
नश्वर वस्तुमा ?

मोहमा भुली मायामा डुली
यहाँ के गर्नु छ ?
जति नै साँचौं जति नै बाँचौं
आखिर मर्नु छ

त्यसैले मेरो चाहना बुझी
तृतीय वरमा
हे मृत्युदेव ! गर्नुहोस् कृपा
यो बालशिष्यमा

म जान्न पाऊँ प्राणीको गति
त्यो मृत्युपारीको
जसले खुल्छ रहस्य पूरा
यो देहधारीको"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनेर यस्तो जिज्ञासा चोखो
ती ऋषिपुत्रको
खुशीले ज्यादै प्रफुल्ल भयो
हृदय यमको

उनले संझे यी विप्रवटु
सुपात्र रहेछन्
यथार्थ कुरा संझन सक्ने
सुयोग्य रहेछन्

औसर मिल्दा असल शिक्षा
नदिए पात्रमा
ज्ञानको स्रोत सुकेर जान्छ
मनुष्यलोकमा

त्यसैले अब तृतीय वर
खुशीले म दिन्छु
मृत्युको पारी जीवन भेट्ने
रहस्य म भन्छु

सोचेर यति यमले भने
हृदय उघारी
संकोच छोड़ी उज्ज्वल आशा
मनमा उमारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"देखेर तिम्रो यो दृढ आस्था
हे ऋषिनन्दन !
दिन्छु म अब तृतीय वर
भएर प्रसन्न

मानिस जब पाइला सार्छ
जीवनयात्रामा
श्रेय र प्रेय दुइटा बाटा
आउँछन् सामुमा

ती दुइमध्ये जसले गर्‍यो
श्रेयको साधना
त्यै भाग्यशाली अमर बन्छ
यो मर्त्यलोकमा

प्रेयको बाटो जसले लियो
त्यो आफैं ठगिन्छ
भोगको तृष्णा मनमा बोकी
भवमै अल्झिन्छ

प्रेयले भन्छ- 'बाहिरै हुन्छ
सुखको मुहान
मसिनो मीठो यही हो साँचो
सुखको निदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरेको कुरा भरे नै हुन्छ
जे पर्छ सहूँला
भोलिको चिन्ता छोड़ेर आज
निश्चिन्त रहूँला

भागको गांस मात्रै हो' भन्छ
प्रेयको दृष्टिले
भोलिको निम्ति ठाउँ नै दिन्न
भोगको प्रीतिले

श्रेयले लग्छ अमृततर्फ
सुदृष्टि खुलाई
आज र भोलि दुवैमा हुने
सुबुद्धि दिलाई

नश्वर खर्ची शाश्वत भेट्ने
श्रेयको विधान
जसले बुझ्यो बन्दछ उही
विश्वमा महान

आजको तप भोलिको सुख
श्रेयको लक्षण
नसही कष्ट आउँछन् कस्का
सुखका सुदिन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो जिन्दगीमा जसले लियो
श्रेयको शरण
सम्पूर्ण सिद्धि आएर गर्छन्
उसकै वरण

तिमी त रै'छौ ज्ञानका प्यासी
हे ऋषिनन्दन !
त्यसैले त्याग्यौ यी लोभलाग्दा
सुखका साधन

अविद्यातर्फ लम्किदा मिल्छ
मृत्युको संसार
विद्याको बाटो लागेमा हुन्छ
आत्माको उद्धार

कसले सक्छ जानेर सब
ज्ञानको महिमा ?
मै जान्ने भनी अज्ञानी मात्र
गर्दछ गर्जना

मदले मान्छे बन्दछ अन्धो
अविद्या अँगाली
अन्धाका पछि अन्धो कैं चल्छ
ममता सँगाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधनाद्वारा भित्रका स्वच्छ
नयन उघारी
विद्यामा लाग्ने सफल बन्छ
सत्यको पुजारी

जन्म नै शुरू मृत्यु नै अन्त
संझनु भूल हो
यो जिन्दगानी नसुक्ने कैल्यै
अनन्त मूल हो

पहिले जस्तो अहिले उस्तै
भोलि त्यै रहन्छ
बाहिरी रूप बदलि यौटै
त्यो मूल वहन्छ

असत्को कुनै रहन्न सत्ता
सत् कैल्यै नासिन्न
जड़को मात्र विनाश हुन्छ
चेतन मासिन्न

विश्रामलाई गन्तव्य ठानी
जो यहाँ भुल्दछ
मोहमा परी त्यो घरिघरि
भवमै डुल्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझेर लिए बन्दछ धन
सुखको साधक
नबुझनेलाई त्यै धन हुन्छ
शान्तिको बाधक

साधन के हो कुन हो लक्ष्य
पर्गेल्नु मनले
अनि पो बल्ल बुझिन्छ यहाँ
के दिन्छ धनले

साधन भन्ने नचिनी फँस्दा
धनको मोहमा
विवश बनी मानिस घुम्छ
यै मृत्युलोकमा

धनको तातो लागेको मान्छे
निष्ठुर बन्दछ
हृदयलाइ बिर्सेर रूखो
स्वार्थमै भुल्दछ

कोमल मन मान्छेको धन
दया र माया हो
स्वर्गको चोखो कल्पना मीठो
त्यसकै छाया हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनको बल मोहको फल
ज्ञानले फालेर
मानिस उठ्छ विवेकबत्ती
दिलमा बालेर

बुद्धिले मात्र चल्दैन काम
भावना चाहिन्छ
हृदय नभै असल मान्छे
कहाँ पो पाइन्छ ?

मस्तिष्क बढ्यो हृदयचाहिं
झीनु भो सुकेर
यसरी कहाँ मानिस बन्छ
आधारै बिर्सेर ?

दुःखीका आँशु जसले पुछ्छ
त्यै धन साँचो हो
सत्यको ढोका जसले खोल्छ
त्यै मन चोखो हो

जसमा हुन्छ शान्तिको धन
त्यै भाग्यमानी हो
सन्तोषभित्र मस्किने मन
सुखको खानी हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीमा देखें ज्ञानको चोखो
रहर चढ़ेको
मृत्युको पारी जीवन भेट्ने
चाहना बढ़ेको

हे ऋषिपुत्र ! बुझेर सूत्र
साधनापथको
तिमीले लियौ सुन्दर बाटो
त्याग र तपको

धन्य छ तिम्रो हे ऋषिपुत्र !
यो ज्ञानपिपासा
हम्मेसी कस्ले पाउँछ यस्तो
निर्मल जिज्ञासा

यो कुरा कति पाउञ्जन् सुन्न
सुनेमा बुझदैनन्
भन्ने नै हुन्छ अनौठो कति
पत्यारै गर्दैनन्

यो कुरा बुझने मानिस स्वयं
अमर बन्दछ
सफल व्यक्ति बनेर त्यही
विश्वमा चम्कन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले पायो यो जिन्दगीमा
आत्माको चिनारी
अमर हुन्छ सत्यको ढोका
ज्ञानले उघारी

आत्माको गति तर्कले मात्र
कहिल्यै बुझिन्न
नखोली भित्री ज्ञानका आँखा
त्यो सत्य चिनिन्न

तिमीमा देखें अति नै राम्रो
जिज्ञासु स्वभाव
जसले गर्दा तिमीमा जाग्यो
ज्ञानको प्रभाव

कर्मको शक्ति धन हो तर
त्यो सधैं रहन्न
नश्वरद्वारा शाश्वत सोझै
कहिल्यै पाइन्न

जान्नेका लागि नश्वर कुरा
साधन भैदिन्छ
प्रयोग जाने कर्मैले पनि
सत्यमा पुगिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो अग्निविद्या साधेंथें मैले
बनेर तत्पर
अनित्यबाटै नित्यमा पुगी
बनें म सफल

तिमीमा पनि देख्दैछु त्यही
विवेक उज्ज्वल
निश्चिन्त रहू बन्नेछौ तिमी
अवश्य सफल

यी भोग रैछन् अनित्य भन्ने
तिमीले ठम्यायौ
जगत्को मूल आधार पनि
तिमीले पैल्यायौ

जीवन स्वयं तप हो भन्ने
भावना जगायौ
मानिस बन्छ निर्भय केले
त्यो पत्तो लगायौ

अनित्य सबै ठानेर त्याग्यौ
संसारी सयल
न धन रोज्यौ न सुख खोज्यौ
न ठूलो महल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेर तिम्रो यो दिव्य त्याग
हे ऋषिकुमार !
बढ्न गो मेरो मनमा ऐले
श्रद्धाको संचार

त्यसैले अब सोधेको कुरा
स्नेहले म भन्छु
बालक भग्ने नराखी भाव
सम्पूर्ण कहन्छु

लग्दछु अब म तिमीलाई
आत्माको लोकमा
जसमा पुग्ने मानिस कैल्यै
पर्दैन शोकमा"

यति भनिकन गर्दै नेत्रका द्वार बन्द
सुगमसित सुषुम्णा – मार्गले मन्द मन्द
हृदयबिच खुलाई चेतनाको मुहान
पुनरपि यम लागे शान्त भै गर्न ध्यान

तेस्रो विश्राम समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो विश्राम

करुणाद्वरा ज्ञानको धारा
दिलमा बगाई
आत्माका प्रति मनको सारा
चेतना जगाई

भन्दछन् यम खाएर गम
सरल मनले
जगाइ भाव ती वटुभित्र
आफन्तपनले

"लौ अब सुन मनमा गुन
हे ऋषिकुमार !
भन्दछु अब आत्माको शुभ
महिमा अपार

यो हाम्रो आत्मा हो परमात्मा
अंशको दृष्टिले
फरक छैन स्वरूप हेर्दा
तत्त्वको दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्मय उस्तै चिन्मय उस्तै
अजर अमर
आनन्दरूप ईश्वर जस्तै
के छ र अन्तर ?

अविद्या भन्ने पातलो पर्दा
बीचमा परेर
जीवात्मा पर्छ अज्ञानबीच
भ्रमले गरेर

बर्सिन्छ जब मेघको जल
त्यो हुन्छ कञ्चन
भुइँमा खस्दा फोहोर मिली
बन्दछ मलिन

भ्रमले गर्दा अविद्याभित्र
जब यो फँस्दछ
स्वरूप त्यागी निर्मल आत्मा
मलिन बन्दछ

यो जड़ देह मानिस हैन
आत्मा हो मानिस
संकुचपर्छ उघारी आँखा
त्यो निज स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न थर गोत्र न जाति वर्ण
आत्मामा रहन्छ
देहका साथ उब्जिने कुरा
देहमै सकिन्छ

चेतन आत्मा हिंड्दछ सधैं
विश्राम छिचोली
बुझिन्न केही साधनाद्वारा
नयन नखोली

शरीर छोड़ी यो नाता तोड़ी
वियोगी बनेर
यो आत्मा जान्छ केवल आफनो
कमाई लिएर

ज्ञानका पाँच कर्मका पाँच
इन्द्रिय अँगाली
पाँचोटै प्राण मन र बुद्धि
साथमा सँगाली

फूलको गन्ध लिएर हावा
बहे झैं गरेर
अन्यत्र सर्छ यो आत्मा सूक्ष्म
शरीर लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायाको मीठो संसारी नाता
चटक्क तोड़ेर
नूतन देह जीवले लिन्छ
पुरानो छोड़ेर

बूढ़ाको मात्र मरण हुन्न
यो मर्त्यलोकमा
कलिलै पनि छोड़ेर जान्छन्
डुबाइ शोकमा

प्रारब्ध जस्को सकियो त्यही
बन्दछ पुरानु
शिशुको कहीं शरीर छुटे
यै कुरा संझनु

शरीर छुट्दा जे जस्तो भाव
मनमा रहन्छ
त्यै भावधारा समाति सारा
भविष्य वहन्छ

जिन्दगीभरी गरेको कर्म
संस्कार बन्दछ
संस्कारबाटै अन्तिम वेला
संझना बन्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे जस्तो कुरा संञ्चित पुग्छ
अन्तिम वेलामा
त्यैअनुसार मिल्दछ फल
त्यो भावी चोलामा

रोपेकोभन्दा फरक फल्ने
आशा नै रहन्न
सत्यको चोखो तराजू कैल्यै
अन्यथा सहन्न

यो देह यौटा विश्राम भनी
संञ्चनुपर्दछ
पाप र पुण्य सामल लिई
यो यात्रा चल्दछ

कारण देह समेटिहिंड्छ
संस्कार साथमा
पुरानो देह छोड़ेर सर्छ
त्यो नयाँ देहमा

शरीर छुट्दा अन्तिम वेला
जे फुर्छ मनमा
त्यसैले गर्छ भविष्यनिर्म्ति
स्वरूपरचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सत्य बसै पाइन्न बाबु !
साधना चाहिन्छ
हृदयभित्र नियाले मात्र
जीवन पाइन्छ

मर्दछ देह परन्तु देही
कहिल्यै मर्दैन
यो कुरा बुझे मृत्युको छाया
कहिल्यै पर्दैन

अमृतरूप ईश्वर अंश
मानव आत्मा हो
पुरानोभन्दा पुरानो यही
नयाँमा नयाँ हो

साधनाद्वारा जसले पायो
आत्माको चिनारी
पुग्दछ सोझै प्रभुको धाम
जीवन सुधारी

बाहिर मान्छे अणु झैं लाग्छ
भित्र छ विराट
त्यो आफनो रूप संझनुपर्छ
नभइ उदास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसले बुझ्यो म आफू नित्य
आत्मा हूँ भनेर
त्यो धन्य बन्छ हर्ष र शोक
सजिलै तरेर

पारखीहरू भेट्दछन् आत्मा
प्रणवरूपमा
जसको हुन्छ न रङ्ग रूप
न कुनै उपमा

यी चारै वेद गर्दछन् नित्य
जसको बयान
जसका निम्ति चल्दछ सधैं
तपको विधान

भै ब्रह्मचारी जसको निम्ति
जीवन अर्पन्छन्
प्रणव त्यै हो साधना सब
त्यसमै पुग्दछन्

अक्षर ब्रह्म परम पद
यही हो ॐकार
यसको ध्यान गरेमा हुन्छ
जीवन उद्धार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे चाह्यो त्यही पाउन सक्ने
सिद्धि छ यसमा
यसैले हुन्छन् सफल हाम्रा
सम्पूर्ण चाहना

ब्रह्म र जीव दुवैमा हुन्छ
यसको समता
ॐकारभित्रै निहित हुन्छ
विश्वको एकता

अ उ म मिली ॐकार बन्छ
एकताप्रतीक
सत्त्व र रज तमको सार
यसमै निहित

ब्रह्मा र विष्णु शंकर सबै
देव छन् यसैमा
सृष्टि र स्थिति लयको पनि
सार छ यसैमा

आत्माको रूप सच्चिदानन्द
अक्षरब्रह्म हो
वेदको सार प्रणव त्यही
मुक्तिको धाम हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मने मर्ने हैन यो आत्मा
अजर अमर
यो कार्य हैन कारण हैन
सधैं छ अटल

शरीर जस्तो मरेर जाने
यो आत्मा हुँदैन
शाश्वत सत्य यो आत्मालाई
मृत्युले छुँदैन

मार्नेले ठान्नु मार्दछु भन्ने
स्वयंमा भूल हो
मर्नेले अरु म मरें भन्नु
झन् ठुलो भूल हो

न आत्मा मर्छ न यसलाई
कवै मार्न सक्तछ
यो नित्य आत्मा जे गरे पनि
नित्यको नित्यै छ

अणुमा अणु ठुलामा ठुलो
यो आत्मा कहिन्छ
जत्रो छ देह बनेर उत्रै
यो आत्मा रहन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदय गुफा सजाइ यस्ले
गर्दछ निवास
ईश्वरकृपा भएमा मिल्छ
आत्माको प्रकाश

यो बसी बसी पुग्दछ कोसौं
दूरको देशमा
सुतेकै वेला यो घुम्न सक्छ
सम्पूर्ण विश्वमा

नश्वर हुन्छ यो स्थूल देह
आत्मा छ शाश्वत
अस्थायीभित्रै स्थायित्व बोकी
यो आत्मा बस्दछ

यो व्यष्टिभित्र रहने आत्मा
जीवात्मा कहिन्छ
समष्टि आत्मा हुन् परमात्मा
वेदले कहन्छ

प्रणवले नै यी दुइ रूप
सतत कहन्छ
यसमै नित्य चैतन्यधारा
अखण्ड बहन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो विश्व सबै बाहिरी रूप
सार हो ॐकार
यो सृष्टि सारा उत्पन्न गर्ने
यै मूल आधार

वाङ्मय सारा सीमित हुन्छ
अक्षरब्रह्ममा
सम्पूर्ण सृष्टि लीन भै जान्छ
त्यै परब्रह्ममा

सगुण हुन् वा निर्गुण हुवै
प्रणवभित्रै छन्
साकार हुन् वा हुन् निराकार
यसैमा पर्दछन्

नश्वरलाई थामेर बस्ने
आत्मा हो आधार
हे ऋषिपुत्र ! यो सार सत्य
गर लौ स्वीकार

शरीरभित्र रक्षक बनी
यो आत्मा बस्दछ
आत्माले जसै छोड्यो कि
सारा शरीर गल्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सृष्टि सारा बनेर आत्मा
प्रभुले थाम्दछन्
समेटी आफ्नो विस्तार आफैं
प्रत्यय रच्दछन्

त्यसैले प्रभु कहिन्छन् सधैं
विश्वात्मा भनेर
उनकै अंश सृष्टिमा घुम्छ
जीवात्मा बनेर

न धेरै बोल्दा न धेरै पढ्दा
यो आत्मा भेटिन्छ
संयमैं जाँदा बुद्धिको स्वयं
गति नै रोकिन्छ

सुकर्मद्वारा जसले पायो
प्रभुको करुणा
उसैका सामु प्रत्यक्ष हुन्छ
आत्माको महिमा

निर्मल मन पवित्र धन
कर्ममा शुद्धता
हृदयभित्र जसको बग्छ
शान्तिको सरिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न काम क्रोध न लोभ मोह
जसमा रहन्छ
न रागद्वेष न ईर्ष्यालेश
जसमा पाइन्छ

अरुको हित जसको निम्ति
स्वहित बन्दछ
त्यसैले मात्र भेट्दछ आत्मा
वेदले कहन्छ

नचिनी आत्मा छ परमात्मा
कसले पाएको ?
भावनाविना शान्ति छ कहाँ
मनमा छाएको ?

विवेकद्वारा भावनाबत्ती
दिलमा बालेर
ब्यूँझनुपर्छ चेतन बनी
जड़ता फालेर

जो आफूभन्दा उत्तमसँग
गर्दछ संगति
उन्नत बनी त्यसैले गर्छ
विश्वमा प्रगति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुराको धार टेकेर हिंड्नु
जस्तो छ विकट
यात्रामा बढ्दा आउँछन् त्यस्तै
अनेक संकट

ती सब सही शान्तिमा रही
जो अघि बढ्दछ
त्यसैले मात्र यो सृष्टिभित्र
क्यै गर्न सक्दछ

यो जिन्दगानी यात्रा हो भनी
संझनु तिमीले
शरीरलाई रथ हो भनी
पर्गेल्नु तिमीले

आत्मा हो रथी, रथको धनी
बुद्धि हो सारथि
इन्द्रियहरू घोड़ा हुन् दौड़ि-
रहन्छन् नरोकी

ती घोड़ामाथि चल्दछ कीनो
मनको लगाम
विषय हुन्छन् यी अनगिन्ती
तिनका चरन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी सब साथ लिएर आत्मा
यात्रामा बढ्दछ
यिनको जस्तो स्थिति छ उस्तै
ऊ फल भोग्दछ

रथ छ रात्रो चम्चम गर्ने
सुनले मढ़ेको
लगाम उस्तै अमूल्य वस्तु
जड़ेर बनेको

सुन्दरभन्दा सुन्दर वस्तु
सब छन् रथमा
सारथि भने मातेको कैल्यै
नहुने वशमा

के होला त्यस्तो यात्रीको गति
गरौं न कल्पना ?
विवेकविना बन्दछ त्यस्तै
जीवनरचना

विवेक बन्यो सारथि जस्को
मन भो लगाम
संयत भई वशमा रहे
इन्द्रिय तमाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिका साथ उदाए भाव
पवित्र मनमा
सम्पूर्ण कर्म केन्द्रित भए
समष्टिहितमा

जसमा यस्तो नैतिक शक्ति
अटल रहन्छ
यशको धनी त्यै ठूलो बनी
विश्वमा चम्कन्छ

आत्माको रूप तिमीले सुन्यौ
हे ऋषिकुमार !
सुनेको कुरा मनमा राखी
गर लौ विचार

प्रकृतिद्वारा मिलेको रथ
गुणले सजाई
कर्मठ बनी सफल भई
पौरख जगाई

त्यो रथलाई विजयनिम्ति
समर्थ बनाऊ
जीवनरूपी यो शुभयात्रा
सफल गराऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहस धैर्य बनाइ चक्का
त्यो रथ सजाऊ
सत्यमा रही चरित्र आफ्नो
पताका बनाऊ

सुकर्म, बल, विवेक अनि
समष्टिहितका
लगाऊ उस्तै तेजिला घोड़ा
उत्तम गतिका

क्षमा र शान्ति समता गाँसी
लगाम लगाऊ
विवेकलाई सारथि मानी
रथमा बसाऊ

सन्तोषलाई बनाइ ढाल
अनर्थ छुटाऊ
स्वकर्मशक्ति कृपाण लिई
दीनता हटाऊ

त्यागको फर्सा तपको खड्ग
अक्रोध त्रिशूल
मानवताको रक्षामा रहुन्
यी शस्त्र विपुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाश्वत मूल्य किल्ला भै रहुन्
आदर्श कवच
चम्कन सक्छौ यो विश्वभरी
फिजाइ सुयश"

सुनेर यस्ता अमृत जस्ता
यमका वचन
विनयी बनी गर्दछन् बिन्ती
ती ऋषिनन्दन

"हे धर्मराज ! जो सुनें आज
विषय महान
म धन्य भएँ पाएर यस्तो
ज्ञानको मुहान

अमर आत्मा रहेंछु भन्ने
ज्ञान भो मलाई
यो ज्ञान सरी यो सृष्टिभरी
हुनेछ भलाई

शब्द नै छैन कसरि गरूँ
आभार ज्ञापन
विनय साथ झुकाइ माथ
गर्दछु वन्दन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिइनँ यस्तो अमृत वाणी
सुनेको पहिले
गुरुको मूल्य के रैं'छ भन्ने
बुझदैछु अहिले

जति नै पढौं जति नै गुनौं
विविध विषय
नपाई गुरु नखुल्ने रैं'छ
यो भित्री हृदय

अमूल्य वर जो मैले पाएँ
हे सूर्यकुमार !
यसले गर्दा धन्य भो अब
यो मर्त्यसंसार

आएको थिएँ भै प्रतिनिधि
मनुष्यलोकको
फिर्दैछु अब कोसेली बोकी
यो दिव्यलोकको

आशिष दिनोस् मानिसभित्र
चेतना पलाओस्
जीवनभित्र सौन्दर्य भर्नें
रहर उदाओस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्छे नै हुन्छ निर्माता भनी
वेदले भन्दछ
मानिस बनोस्, यो सृष्टि सारा
स्वयं नै बन्दछ

यी अरू प्राणी जहिले पनि
उस्ताका उस्तै छन्
न सभ्यताको न शिष्टताको
रहर राखदछन्

प्रकृतिबाट जे जति मिल्यो
त्यसैमा सन्तुष्ट
त्यो जिन्दगानी जड़ताखानी
सधैं छ अचेत

अरुमा हुन्न चेतना खुला
मनुष्य बाहेक
पाएको शक्ति जगाइ लाने
मान्छे नै रहेछ

सुधारनिम्ति चेतना डाक्न
मान्छे नै सक्तछ
यो सृष्टिभित्र सिर्जन थप्ने
मानिस मात्रै छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले हरि करुणा गरी
मानिस बनेर
गर्वछन् त्यस्तै सुकर्म मान्छे
ब्यूँझियोस् भनेर

सत्य र कलि मानिसभित्रै
गर्दछन् निवास
मानिस ब्यूँझे सत्यको हुन्छ
सर्वत्र प्रकाश

कुकर्म गरी मोहमा परी
बन्धन रचेर
मान्छे नै बस्छ कलिको डर
मनमा साँचेर

कलिको घेरो त्यो सेरोफेरो
यो मनभित्रै छ
नराम्रो काम कलिको धाम
मानिसभित्रै छ

निदाइबस्छ मानिस जब
गन्तव्य पथमा
जड़ता बोकी चेतना त्यागी
फँस्दछ तममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्दछ कलि बनेर बली
त्यो त्यस्तै ठाउँमा
मान्छेले गर्छ बिगार जहाँ
कलिको नाउँमा

सत्यमा जो छ त्यसको निम्ति
के गर्छ कलिले ?
कलिमै महामानव ज्यूँछन्
त्याग र तपले

यो सत्य बुझ्ने सुबुद्धि पाओस्
मानिसजातिले
यो विश्व सधैं जिउन पाओस्
सुख र शान्तिले"

विनयशील लिएर दिल
ती ऋषिपुत्रले
यसरी बिन्ती गरेथे जब
निर्मल चित्तले

द्रवित भयो यमको मन
स्नेह भो तरल
बिदाइ वेला संझेर भए
नयन सजल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्यै रोकिकन सँभाली मन
यमले बुझाए
"चाहना तिम्रो पुग्नेछ" भनी
सान्त्वना दिलाए

"दुर्लभ पात्र मिल्यौ र मात्र
रहस्य बताएँ
अरुको निम्ति जो गोप्य थियो
त्यै मैले सुनाएँ

तरल पान्यौ हृदय मेरो
हे ऋषिकुमार !
तपस्या तिम्रो सफल हवोस्
बनेर साकार

मर्त्य र दिव्य यी दुवैबीच
सम्बन्ध बढ़ायौ
द्यौता र मान्छेबीचको मीठो
विश्वास जगायौ

दिव्यताप्रति निर्मल नाता
अटूट रहेमा
मान्छेले भेट्छ अनन्त सुख
यो सृष्टिभरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्थाले लग्छ मानिसलाई
अनन्त सुखमा
अनास्था जस्तो घातक कुरा
के छ र विश्वमा ?

आस्थाले आयौ म मृत्युसम्म
हे ऋषिकुमार !
यै आस्था लिई जिउन सकोस्
सम्पूर्ण संसार

आशिष दिन्छु संस्कार यस्तो
सबमा उदाओस्
यो बालशिक्षा सफल बनी
चेतना फिजाओस्

बालक रमुन् आँगनैपिच्छे
शान्तिको खेलमा
यो विश्वभरी ममता छरी
ब्यूँझियोस् चेतना

ती ऋषिकुल ती गुरुकुल
उदाउन् विश्वमा
गुरु र शिष्य मिलेर गरुन्
ज्ञानको सिर्जना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास हवोस् मानवताको
यो विश्वभरमा
जिउन सकोस् मानिस सत्य,
शिव र सुन्दरमा

अहिंसा' सत्य यी दुइ बनुन्
मान्छेका नयन
उज्यालोतिरै उसका बढुन्
निर्भय चरण"

यसरि हृदय खोली स्नेहले बात गर्दै
बटुप्रति ममताको स्नेहिलो भाव छर्दै
मनुजप्रति शुभेच्छा चित्तद्वारा सँगाली
उपरतितिर लागे शान्त भै दण्डधारी

चौथो विश्राम समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौं विश्राम

यमसितको त्यो अमृत सरीको
सारपूर्ण संवादपछि
नचिकेताका मनमा जाग्यो
साहस युगनिर्माणप्रति

जीवनप्रतिको शाश्वत चिन्तन
आशाका शुभ किरण छरी
निर्मल मनमा दीप्त बन्न गो
उज्ज्वल नव विश्वास भरी

मृत्युलोकको यात्रा उनको
अति नै सार्थक बन्न गयो
जीवनको शुभ संबल मिल्दा
मन अति नै सन्तुष्ट भयो

त्यसपछि अब ता जानुपऱ्यो
भनि नचिकेताले निधो गरे
माग्छु बिदा भनि विनयशील भै
यमसमक्ष गै बिन्ति गरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति सोचेथें त्यो सब पाएँ
यमपुरको यस यात्रामा
आज्ञा होस् अब फिरी म जान्छु
पूज्य बुबाको सेवामा

मृत्युदेव ! अब बिदा म पाऊँ
मर्त्यलोकमा जान्छु फिरी
उऋण बनूँला सुधासरी यो
ज्ञान सबैमा दान गरी

मर्त्यलोकका प्राणीप्रति यो
भाव सुमङ्गल बनीरहोस्
निमित्त यस्तै परीरहुन् अनि
दुवै लोकमा प्रेम रहोस्"

यति भन्दै जब विनयनम्र भै
ऋषिबालकले बिन्ति गरे
यमदम्पतिको हृदय द्रवित भो
नयनबाट विरहाश्रु झरे

सत्सङ्गति हो जीवन निम्ति
सद्गुणहरुको अमर निधि
वक्ता श्रोता दुवै निम्ति यो
बन्दछ शुभ उत्थानविधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नचिकेताले आज दिलाए
चिन्तनको यो शुभ अवसर
जीवनप्रतिको उत्सुकता यो
ब्यूँझोस् मानवमा घर घर

यति सोचीकन नचिकेताप्रति
स्नेह र ममता व्यक्त गरे
वरद हातको मुद्राद्वारा
वटुमा नव उत्साह भरे

विश्वपरिस्थिति बिदित हुनाले
मानवहितमा दृष्टि दिई
भावभावमै यम दिन लागे
आशिष शुभ सद्भाव लिई

यमदम्पतिले ती वटुलाई
पूजन श्रद्धासाथ गरी
सजल नेत्रले बिदा दिए अति
कोमल मनमा भाव भरी

द्रवित चित्तले मृत्युदेवले
भने बिदाई वेलामा
मनुसन्ततिप्रति सबल भरोसा
राखी अन्तर मानसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जाउ जाउ ऋषिबालक जाउ
यात्रा तिम्रो मङ्गल होस्
जीवनप्रतिको निर्मल आस्था
जनजनमा सन्दीप्त रहोस्

ईर्ष्या, द्वेष, घृणा, परपीड़ा
चिन्तनबाटै दूर रहोस्
मानवमनको अन्तस्तलमा
उज्ज्वलता भरपूर रहोस्

अन्तर्दिलका पत्र रसाउन्
अनेकतामै एक बनी
मानवता होस् रक्षित यौटै
अनुशासनको ध्वजामनि

मनुसन्ततिको विश्वभरी नै
एकात्मक परिवार बनोस्
हिंसा कल्मष दूर हटाई
शान्तिधाम संसार बनोस्

अरुका मुखको आँशु र हाँसो
आफनै संझोस् मानवले
सिर्जनमा शृङ्गार सजाओस्
सुन्दर स्वच्छ मनोबलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यहरूका नित्य बनीकन
चेतनका पनि चेतन भै
यौटै रूप लिई जो गर्छन्
अनन्त इच्छा पूर्ण सधैं

विश्वात्मा ती फुरीरहुन् गरि
मानवमनमा वास सधैं
सिर्जननिम्ती ब्यूँझिरहोस्
मनभित्र उज्यालो आश सधैं

व्याप्त रहे झैं अग्नि वायुको
सत्ता कणकण सृष्टिभरी
आफ्नै पनले हेर्न सकुन्
मनुवंशजहरुले विश्वभरी

पीड़ित जनको दीन अधरमा
जगदीश्वरको दर्शन होस्
सेवाद्वारा हृदयकुटीमा
हरिको चिन्मय अर्चन होस्

जीवन नै होस् धाम प्रभुको
कुटी दुःखीको मन्दिर होस्
दीनहरूको आँशु पुछ्नमा
आराधनको आदर होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आराधनका मार्गहरूमा
कहीं परस्पर कलह नहोस्
शान्तिपूर्ण सहजीवनधारा
सबका मनमा सतत बहोस्

बाहिरबाटै खड़ा भएको
भेदरूप परखाल ढलोस्
समताको शुभ चिन्तनद्वारा
सिर्जनको संकल्प चलोस्

यौटै चन्द्र र सूर्य चल्दछन्
सबका जीवनस्रोत बनी
सब छन् यौटै पृथिवीतलमा
बस्छन् यौटै गगनमनि

श्वासप्रदाता पवन एक छन्
एक प्रकाशक अग्नि पनि
यो सब हेरी कसले भन्ला
भिन्न भिन्न यो सृष्टि भनी ?

द्वेष घृणाको कारण यौटै
मिल्दछ सारा सृष्टिभरी
प्रीति सबैमा हुन्छ कसैप्रति
यौटै मूल निमित्त गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यौटै हृदय छ प्राणिमात्रमा
धड्कन सुटुको एकसरी
सुखदुःखका अनुभूति सबैका
उठ्छन् मनमा उसै गरी

हेर्दै जांदा पृथिवीभरमा
मानव यौटै मिल्छ यहाँ
बाहिरका यी सीमाहरूले
मानव टुक्रिन सक्छ कहाँ ?

कुनै भिन्नता होला पथमा
तर गन्तव्य छ एक सधैं
मानवका सब साधन चल्छन्
लक्षित यौटै सत्यसँगै

बाहिरका सब सीमा नाघी
विश्व एक परिवार बनोस्
विश्वात्माको अनुभवबाटै
चिन्तनको आधार बनोस्

सब आश्रमको मूल बनेको
गृहस्थ आश्रम सफल बनोस्
अभिभावकको जीवनबाटै
सन्ततिको शुभ नियति बनोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदमन्त्रको दर्शन गर्दै
जसले ऋषिको रूप लियो
शक्ति बनीकन देववृन्दमा
जसले रक्षक रूप दियो

मातृशक्तिको त्यो गरिमामय
स्वरूप कहिल्यै मन्द नहोस्
नारीप्रतिको मानवमनको
अर्चन कहिल्यै बन्द नहोस्

माइत होस् वा पतिघर नै होस्
नारी हुन्छिन् दीप सरी
दुवैतर्फ आलोकित गर्छिन्
सुशीलताको ज्योति छरी

करुणा, त्याग, समर्पण उनको
जीवनको शुभ सौरभ हो
शिष्ट समुन्नत नारीजीवन
सभ्य विश्वकै गौरव हो

मातृशक्तिको अगुवाईमा
सद्गुणहरुको सृजन चलोस्
विश्व सबै यो उज्ज्वल पारी
सहृदयताको ज्योति बलोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिव्रताको महिमासँगसँग
पत्नीव्रतको उदय हवोस्
अर्धाङ्गीपन एकतर्फको
पूर्वाग्रहको विषय नहोस्

सतह सतहमै सीमित नरही
नारीपुरुष सचेत बनुन्
मिली परस्पर सिर्जनद्वारा
सुन्दर युग निर्माण गरुन्

ईश्वरका आँखाको नानी
मानवताको नव आलोक
स्नेह नपाई शोषित बन्ने
स्थितिमा नरहोस् बालकलोक

स्वतन्त्र सुन्दर स्वच्छ गगनमनि
शिशुको जीवन सुमन खिलोस्
सिर्जनको यस स्वर्ण कुसुममा
गुणको स्वच्छ सुगन्ध मिलोस्

मानवमनको स्पन्दन कहिल्यै
गौरव दिनमा पछि नपरोस्
छुट्न पुगेका सहयात्रीको
हितमा कोमल दृष्टि परोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनाथ वा विकलाङ्गहरूको
साहस कुण्ठित कहीं नहोस्
समाजहितको रहर उज्यालो
उनमा पनि सन्दीप्त रहोस्

वृद्धहरूको परिचर्यामा
कोमलताको भाव उठोस्
पूर्वजप्रतिको आस्थासँग सँग
कृतज्ञताको मूल फुटोस्

दूषणको स्थिति कहीं नआओस्
सिर्जनमा यस विश्वभरी
संवेदनको लहर उदाओस्
स्वभावको निर्माण गरी

प्रकृतिसाथ संघर्ष नखोजोस्
मानवमनको चिन्तनले
जड़चेतन सचराचर सबमा
हेरोस् निश्छल निजपनले

दिव्यलोक वा अन्तरिक्षमा
नभमण्डल वा जलथलमा
शान्तिदीपको शीतल आभा
चम्किरहोस् हर पलपलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षणकै निम्ति लम्किंयुन्
मानवका यी कदमहरू
सृष्टिभित्र अब बढ्न नपाउन्
विनाशकारी चरणहरू

निष्ठुरताको कालो छाया
मानवको मनभित्र नहोस्
सहृदयताले म्लान अधरमा
आशाका नव किरण छरोस्

एकसरो अधिकारकल्पना
उन्नतिको अवरोध नहोस्
सहगामी कर्तव्यचेतना
पलपलको सहयोग बनोस्

प्रतिभाको उपयोग नहोओस्
विनाश निम्ति कहीं पनि
मानवको बल खेर नजाओस्
अशान्ति डाक्ने हेतु बनी

आशाको शुभ ज्योति जगाई
लम्कोस् प्रतिपल युवसंसार
स्वस्थ समुज्ज्वल आकृतिद्वारा
उन्नतिको रचि नव आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हर पतझड़मा नव पल्लवले
पुरानुको प्रतिरूप बनी
वसन्तलक्ष्मी जसरी डाक्छन्
मूलरूप अनुरूप बनी

त्यसरी नै युवशक्ति उदाओस्
यस धर्तीको सौरभ भै
सिर्जनमा शृङ्गार सजाओस्
मानवताको गौरव भै

नश्वरको परिवेश सजाई
शाश्वतप्रतिको चाह उठोस्
मरणशीलको सद्व्ययद्वारा
अमृतप्राप्तिको रहर जुटोस्

स्वतन्त्रताको स्वच्छ चाहना
सुन्दरतासित मिल्न सकोस्
शिवमय बन्दै विश्वभरी नै
मानव निर्भय बन्न सकोस्

साधन साध्य विवेक उदाओस्
मानवको मनमन्दिरमा
जीवन होस् वरदान मनुजको
गौरव बाँचोस् क्षितितलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मानवताको शुभ मर्यादा
मान्य रहोस् यस सृष्टिभरी
अन्तरमा उत्साह उदाओस्
सेवाव्रतका किरण छरी

बाँचोस् मानव सत्य धर्ममा
सिर्जनको शृङ्गार बनी
कृतिहरु बाँचुन् सुन्दरताका
नरित्तिने भण्डार बनी

जाउ जाउ सौगात पुऱ्याऊ
क्षितितलको जनजीवनमा
मृत्युपारिको जीवनयात्रा
परिचित होस् सब जनजनमा"

यसरि शुभाशिष दिइ वटुलाई
धर्मराजले बिदा गरे
बिदाइका अति करुण वचनले
वटुका मनमा विरह भरे

जान्छु भनी अवरुद्ध कण्ठले
कर जोरीकन नमन गरी
ऋषिबालकले ध्यान लगाए
मर्त्यलोकको स्मरण गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्द गरी पट बाह्य जगत्को
उनले प्राणायाम गरे
अन्तर्यात्रातिर अगि बढ्दै
भौतिक सीमा सहज तरे

अर्पणले नै सृष्टि चलेको
तथ्य उजागर बन्न गयो
सृष्टिभरीकै कणकणको
उत्सर्ग कथा सब विदित भयो

गगन विन्छ अवकाश सबैमा
जीवनप्रति आश्वस्त गरी
पवन चल्दछन् छिनछिन पलपल
सबमा श्वास प्रदान गरी

चन्द्रसूर्यको योग अलौकिक
चल्छ अहर्निश उसै गरी
प्रकाश, ऊर्जा, शीत, उष्णता
जीवनशक्ति प्रदान गरी

सरिताहरुको शीतल धारा
जीवन बन्दै बग्छ यहाँ
काठपात, फलफूल, छहारी
वृक्षजगत्ले दिन्छ यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्तीको अझ त्याग अनौठो
बिसिनसक्नु छ विश्वभरी
लाख लाख सहि चोट उनैले
दिन्छिन् आश्रय सृष्टिभरी

जति हेर्‍यो निष्काम समर्पण
अङ्ग अङ्गमा मिल्छ यहाँ
सृष्टिचक्र नै यज्ञरूप भै
अन्तर्मनमा खिल्छ यहाँ

अर्पण नै हो जीवन भन्ने
सार सत्य भेटिन्छ यहाँ
मानव अझ शृङ्गार सृष्टिको
हुन सक्थ्यो अपवाद कहाँ ?

अर्पणको अझ बढ़ी अपेक्षा
राख्छन् ईश्वर मानवमा
चेतनको सर्वोच्च भूमिका
हुन्छ त्यसैले मानिसमा

मनुसन्ततिको स्वर्णिम महिमा
स्वच्छ हृदयमा विदित भयो
नारायणको सखा रहेको
नरको क्षमता स्पष्ट भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणकण व्यापी ईश्वरसत्ता
अन्तस्तलमा प्रकट भयो
अंश रूपमा सब प्राणीको
रूप कल्पना स्पष्ट भयो

हरि छन् सबमा सब छन् हरिमा
निर्मल मनमा भाव उठ्यो
ध्यान ध्यानमै स्वच्छ हृदयमा
चेतनताको मूल फुट्यो

उनमा चिन्मय दृष्टि उदायो
स्थूल दृश्य सब लीन भयो
नामरूपको रचना गर्ने
भौतिक सृष्टि अदृश्य भयो

प्राणिमात्रमा संवेदनको
समानता अनुभूत भयो
सुखदुःखका संवेगहरूमा
एकरूपता खुल्न गयो

आफ्नोपनको सीमा पर पर
विस्तृत बन्दै फैलिन गो
अखिल विश्व नै निजकुटुम्ब भै
स्नेहसूत्रमा बाँधिन गो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्यु बन्यो विश्राम छिचोल्ने
यौटा अग्रिम कदम सरी
दर्शनको आयाम थपिन गो
आत्मनित्यता सिद्ध गरी

आत्मवादको जीवनदर्शन
मानवताको मूल बन्यो
सत्य अहिंसाप्रतिको जागृति
विश्वशान्ति अनुकूल बन्यो

विश्वभरीकै जनजीवनमा
अन्तर समरस बग्न गयो
जे जस्तो यमबाट सुनेथे
त्यस्तै अनुभव सहज भयो

ध्यान ध्यानमै तह तह गर्दै
मर्त्यलोकमा पुगे उनी
जीवनको परमार्थ बुझेका
विश्वशान्तिका दूत बनी

पुत्रविरहले खिन्न भएको
गौतमको मन शान्त भयो
ऋषिमण्डलकै सम्पति संकी
उनको स्वागत भव्य भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालजगत् पनि नचिकेताको
पुनर्मिलनले हर्षित भो
वाजश्रवसको उज्ज्वल कुलको
महिमा सबतिर चर्चित भो

शैशवको त्यो साहसयात्रा
लक्ष्यविजय नै सिद्ध भयो
जीवनकेन्द्रित गुरुकुल शिक्षा
सद्गुण निम्ति प्रसिद्ध भयो

अपराजित संकल्पशक्ति नै
मानवको शुभ संबल हो
मृत्युदेवको आशिष मङ्गल
त्यसकै अनुपम प्रतिफल हो

नचिकेताको अविरल तपले
चिन्तनको इतिहास दियो
प्राच्य जगत्को मूल्यसमर्पित
संस्कृतिको सौगात दियो

मानवताको रहर अगाडि
काल स्वयं पनि गल्छ यहाँ
अमृत चाहने जीवनयात्रा
मृत्युपछी पनि चल्छ यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालजगत्को तत्परतामा
शक्ति अलौकिक हुन्छ भनी
नचिकेताको अमर कथाले
सिद्ध गऱ्यो इतिहास बनी

मृत्यु स्वयंको हृदय पगाली
लक्ष्यचिनारी पूर्ण भयो
ऋषिमण्डलको यज्ञसाधना
युग युग सार्थक बन्न गयो

स्रष्टाको मन हर्षित पार्ने
मनुसन्तति अझ गुरुतर भो
लक्ष्यप्राप्तिको साहसगाथा
युग युग निम्ति उदाहृत भो

मनुष्यको गन्तव्य खुल्न गो
चेतनता निर्माण गरी
ईश्वरको वरदान सफल भो
शाश्वत मूल्य प्रदान गरी

अरुणोदयको शुभ वेलामा
उनी पुगेथे गुरुकुलमा
दिनभरि त्यसकै चर्चा छायो
वरपरको ऋषिमण्डलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवप्रतिको स्वयं मृत्युको
आदर त्यो उपलब्धि बन्यो
आत्मनित्यता प्राच्यजगत्को
आध्यात्मिक सम्पत्ति बन्यो

आश्रम आश्रम कुटी कुटीमा
नचिकेताको मान भयो
त्यागपूर्ण यस अमर कथाको
घर घर महिमागान भयो

मृत्युसम्म पुगि फिरिआएका
नचिकेतासँग भेट गरी
सबको मनमा हर्ष उदायो
तपको महिमा ख्याल गरी

अमृतपूर्ण त्यो चर्चा सुन्दा
दिवस स्वयं परिपूर्ण भयो
थाहै नभई पलपल गर्दै
पावन सन्ध्याकाल भयो

सतत अमरताको सामुमा राखि लक्ष्य
श्रुतिहरु जसलाई मान्दथे मूल सत्य
यस अमर कथाले पुष्टि त्यस्कै गरायो
अनुभव दुविधाको मूलबाटै हरायो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सरस कथाको सत्य सन्देश बोकी
किरण–करणको त्यो बाह्य विस्तार रोकी
सजिइ हृदय हर्ने लालिमा–गेरुवामा
दिनकर–यति लागे नित्य सन्ध्यार्चनामा

अमर मनुज आत्मालाइ नै सार मानी
हृदयबिच सँगाली मूल्यको जिन्दगानी
मन सुदृढ़ गराई शान्तिको साधनामा
ऋषिहरु पनि लागे यज्ञ–आराधनामा

पाँचौं विश्राम समाप्त

वाल्मीकि विद्यापीठ–पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीखेमराज केशवशरण

लेखकका अन्य प्रकाशित कृतिहरू

१) जीवनगङ्गाका केही तरङ्ग
२) स्वधर्म र स्वराष्ट्र
३) सत्यदर्शन
४) नेपाली साहित्यमा कृष्णभक्तिपरम्परा र कवि गुणराज उपाध्याय
५) हर्षचरित (नेपाली अनुवाद)
६) दैवी सम्पत्ति, एक परिशीलन (गीता सोह्रौं अध्यायको मौलिक चिन्तन)
७) आफैंतिर नियाल्दा (गुणराज पुरस्कार प्राप्त)
८) अन्तर्जगत्
९) आवाहन (देशप्रेममा आधारित कवितासंग्रह)
१०) समर्पण (भक्तिगीतहरूको सँगालो)
११) भावसुधा (भक्तिदर्शनमा आधारित लघु उपन्यास)
१२) ईशावास्य उपनिषद्, जीवनदर्शनका रूपमा
१३) मातृवन्दना (नेपालका विभिन्न विभूति एवं तीर्थस्थलहरूको संस्कृतमा वन्दना)
१४) नैतिक शिक्षा, कक्षा ५
१५) नैतिक शिक्षा, कक्षा ६
१६) भगवान् श्रीकृष्ण
१७) वेदस्तुति (भागवत दशम स्कन्ध ८७ औं अध्यायको मौलिक व्याख्या)
१८) जीवनकी सार्थकता (हिन्दी लघुपुस्तिका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu